# नेपालमा कम्युनिष्ट पार्टी र जवस बीचको सम्बन्ध : कति नियन्त्रित, कति स्वायत्त ?

**राजेन्द्र महर्जन**

## प्रस्तावना

नेपालमा नयाँ जनवादी क्रान्तिको सपना देख्ने र त्यसलाई साकार बनाउन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थापना गर्ने प्रमुख अभियन्ता पुष्पलाल श्रेष्ठ हुन् ।[1] उनको अगुवाइमा स्थापना भएको नेकपाले "आम जनतालाई सशस्त्र पार्दै जनताको जनवादी सेना मार्फत" क्रान्ति सफल बनाउने सपना देखेको थियो । क्रान्ति मार्फत नेकपाले त्यस्तो राज्यव्यवस्था स्थापना गर्न चाहेको थियो जसमा "उत्पीडित जनता राष्ट्रको सम्पत्तिका मालिक हुने छन् र त्यसलाई उनीहरूले आफ्नो फाइदाका लागि विकसित गर्ने छन् ।" यहाँ क्रान्तिको अर्थ "विद्यमान सामन्ती व्यवस्था र नेपाल माथिको साम्राज्यवादी पूँजीवादी आधिपत्यलाई पूरैसित खत्तम गर्नु र मजदूर वर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु" थियो (पुष्पलाल २०५३ : ५९–६१) ।

श्रमिक वर्गको अगुवाइमा सशस्त्र संघर्षको बाटोबाट निजी सम्पत्तिको उन्मूलन र सामूहिक स्वामित्वका आधारमा न्याय, समानता र स्वतन्त्रता स्थापनाको सपनालाई क्रान्तिका रूपमा बुझ्ने-बुझाइने गरिन्छ । समाजका दार्शनिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, आदि विभिन्न क्षेत्रमा दृष्टिकोणको आमूल परिवर्तन गरी पुरानो प्रतिक्रियावादी चिन्तनको सट्टा नयाँ जनवादी चिन्तन कायम गर्नु, एवं शोषण र उत्पीडनमा आधारित संरचना, सम्बन्ध र संस्कृतिमा आमुल परिवर्तनको निरन्तर हस्तक्षेपकारी प्रक्रियालाई पुष्पलालले क्रान्ति भनेका छन् । उनले क्रान्तिको निम्ति "संगठन, संघर्ष र सिद्धान्तको तीन 'स'" आवश्यक ठहऱ्याएका छन् (पुष्पलाल मिति नखुलेको : १७२) । तसर्थ, कुनै पनि राजनीतिक पार्टी र त्यसले बनाउने जन र वर्गका सांगठनिक संरचना (अर्थात् जनवर्गीय संगठन, जवस) पनि क्रान्तिकारी सिद्धान्त जत्तिकै महत्त्वपूर्ण छन् । क्रान्तिको सिद्धान्त निर्माण र त्यसको कार्यान्वयन क्रममा संघर्षको अगुवाइ गर्नमा पार्टी-संगठनको भूमिका जति महत्त्वपूर्ण छ,

[1] यहाँ राजनीतिक पार्टीका भ्रातृ, भगिनी, पेसागत, वर्गीय, सहायक, र आबद्ध संगठनसँगै विभिन्न मोर्चालाई पनि समग्रमा जन र वर्गका संगठन भनिएको छ । त्यसलाई छोटकरीमा कम्युनिष्ट पार्टीमा "जवस" भनिन्छ ।

*समाज अध्ययन* १२ : ६५–१०५, २०७४

त्यत्तिकै अर्थपूर्ण छ राजनीतिक पार्टी र जवस बीचको सम्बन्ध । तर विडम्बना, राजनीतिक पार्टी र जवस बीचको अत्यावश्यक द्वन्द्वात्मक सम्बन्धलाई विश्व कम्युनिष्ट आन्दोलनमा सामान्यत: बेवास्ता गरिएको छ । र, सोभियत कम्युनिष्ट पार्टीद्वारा अभ्यास गरिएको संरचना र सम्बन्धलाई नै प्राय: निरन्तरता दिइएको छ ।[२]

नागरिकको स्वतन्त्रताका लागि थालनी भएको वर्गीय मुक्ति आन्दोलनको नाम हो, नेपालको कम्युनिष्ट आन्दोलन । यस्तो आन्दोलनको अगुवाइ मजदूर र किसान वर्गको राजनीतिक पार्टी नेकपाले गर्ने ठानिएको छ । मजदूर, किसान वर्गलगायत आम नागरिकबीच काम गर्ने गरी बनाइएका जवस र नेकपा बीचको सम्बन्ध बारेको अध्ययन आफैमा प्रश्नको पेटारो हो । यसबारे अध्ययन गर्दा उठाइनुपर्ने प्रश्न हुन् : पार्टी र जवसबीच शक्ति-सम्बन्ध कस्तो खालको छ ? जवसको सत्ता-शक्ति पार्टी नियन्त्रित रहन्छ, कि ती स्वायत्त छन् ? जवससँग नीति-निर्णयको अधिकार हुन्छ/छ ? नेतृत्व छनोटको हक कत्तिको अभ्यास गर्न पाइन्छ ? यस सवालमा पार्टी र भ्रातृ-भगिनी संगठनबीच द्वन्द्वात्मक सम्बन्ध कायम छ ? उनीहरूबीच राय-सल्लाह, सुझाव, आलोचना लिने-दिने एवं दोहोरो संवाद र अन्तर्क्रिया गर्ने समानतापूर्ण र लोकतान्त्रिक सम्बन्ध छ ? कि जवसहरू मूलत: पार्टीका आदेश र निर्देशका आधारमा सञ्चालित हुने आज्ञापालक अंगका रूपमै मात्र क्रियाशील छन् ? यी प्रश्नका जवाफले जवसको स्वतन्त्रता, स्वायत्तता र स्वाधीनताको अवस्था तय गर्छन् ।[३]

[२] एरिक हब्सबअमका अनुसार लेनिनले बनाएको पार्टी "नयाँ किसिमको" थियो, जुन संगठनको विशेष कम्युनिष्ट ढाँचा हो । यो बीसौँ शताब्दीको सामाजिक इन्जिनियरिङको दुर्जय (फरमिडेबल) खोज थियो । साना संगठन भए पनि यो अत्यधिक प्रभावशाली थियो, किनभने यसका सदस्यमा पार्टीप्रति असाधारण निष्ठा र आत्मोत्सर्गको भावना थियो; कडा सैन्य अनुशासन र आबद्धता थियो; पार्टीको निर्णय कुनै पनि हालतमा लागू गर्ने अविचल संकल्प थियो (हब्सबअम सन् १९९५ : ७६) ।

[३] यहाँ जवसलाई कुनै पार्टी-विशेषका, त्यसको नेतृत्वका नीति-निर्देश, आदेश र परिचालनबिना क्रियाशील हुने अर्थमा लिइएको छ । जवसहरू स्वयंले आफ्ना नीति र कार्यक्रम बनाउने; जनताका मुद्दा उठाउँदै संघर्ष र मोलमोलाइसँगै उपलब्धि प्राप्त गर्ने; आफ्नो संगठनको नेतृत्व चयन एवं पदोन्नति गर्ने तथा आर्थिक स्रोत संकलन र खर्चवर्च गर्ने अधिकारलाई स्वतन्त्रता, स्वायत्तता र स्वाधीनताको रूपमा हेरिएको छ । पार्टी-विशेषको घोषित सिद्धान्त, विचार र राजनीतिको परिधिभित्र बसेर पनि जवसहरूले आफूसँग "ठीकलाई ठीक भन्ने र बेठीकलाई बेठीक" भन्ने द्वन्द्वात्मक सम्बन्ध राख्ने हक पाएको अवस्थालाई यस प्रवर्गमा राख्न खोजिएको छ । मातृपार्टी र त्यसको नेतृत्वको कुनै पनि हस्तक्षेप बिना आफूले प्रतिनिधित्व गर्ने वर्ग र समुदायका हित एवं स्वार्थका लागि विभिन्न राजनीतिक, आर्थिक र सामाजिक अधिकार उपभोग गर्न-गराउन सकिन्छ । त्यसका लागि बौद्धिक, व्यवस्थापकीय र सांगठनिक रूपमा सक्षम हुने अभ्यास गर्न-गराउन सकिन्छ ।

हुन त आलोचनात्मक संवाद निर्माण गर्ने क्रममा यो नयाँ प्रस्थापना राखेको हुँ । यो प्रस्थापना हालसम्म कुनै पार्टी र जवसले अभ्यास गरेको पाइँदैन । पार्टीभित्रकाले यस्तो प्रस्थापना राखेमा

यी मूलत: शक्ति-सम्बन्ध बारेका प्रश्न हुन्, जुन पार्टी र त्यसका जवसको लोकतान्त्रिक, जनमुखी र रूपान्तरणकारी संरचना र चरित्रसँग सम्बन्धित छन् ।

तर, पार्टी र जवसको सम्बन्धबारे नेपालमा खासै अध्ययन भएको छैन । पार्टी र जवसका नेता, चिन्तक, विचारक र बुद्धिजीवीले पनि यतातर्फ कलम कमै चलाएको पाइन्छ । यस स्थितिमा, प्राप्त दस्तावेज, केही लेखनी र कुराकानीसँगै संगठनात्मक अभ्यासको अध्ययनको आधारमा पार्टी-जवस सम्बन्धबारे यहाँ विवेचना गरेको छु । यसका लागि नेकपा र उसका जवसको संगठनात्मक इतिहासको धार समातेको छु र मुख्य रूपमा पुष्पलालका विचारका प्रकाशमा गुणात्मक अध्ययनलाई अगाडि बढाएको छु । नेकपाको स्थापनाकालदेखि जीवनको उत्तरार्द्धसम्म पनि पुष्पलालले पार्टी र जवस बीचको सम्बन्धबारे केही न केही रचनात्मक हस्तक्षेप गर्न खोजेको पाइन्छ । यद्यपि, विभिन्न जवसलाई अलग-अलग रूपमा नेतृत्व गर्न बनाइएका पार्टी प्रयाक्सन[४] मार्फत नीति, निर्णय र नेतृत्व थोपरिएको पनि देखिन्छ । नेकपा र जवस बीचको सम्बन्धलाई चिरफार गर्ने क्रममा मूलत: पुष्पलालकालीन पार्टी र अखिल नेपाल किसान संघको अन्तरसम्बन्धलाई मात्रै केन्द्रमा राखेको छु । वि.सं. २००६ देखि २०३२ सम्मको कालखण्डमा सीमित यो लेखका अन्य सैद्धान्तिक आयामलाई सेरोफेरोमा मात्रै राखेको छु ।

## सत्ता-शक्तिका लागि जवसको विस्तार

नेपालको सामाजिक जीवनमा राजनीतिक पार्टीको उदय भएको एक शताब्दी पनि भएको छैन । पार्टीहरूको उदय हुनुअघि पनि विभिन्न पेसा र मुद्दासँग सम्बन्धित संघ-संगठन बनेका थिए । पार्टीहरूको उदयपछि स्वतन्त्र रूपमा त्यस्ता संघ-संगठन बन्ने कामले झनै गति लिएको पाइन्छ (जोशी र रोज सन् २००४[सन् १९६६] : ५०–५६) । वि.सं. १९८८

---

पार्टीको आधिकारिक धारणा र संगठनात्मक सिद्धान्तको विपरीत गएर अराजक र अनुशासनहीन मत राखेको आरोप लगाइन्छ । यस्तो आरोप लगाएर मुद्दा चलाउने र न्यायाधीशको कुर्सीमा बस्दै फैसला गर्ने एकाधिकार पार्टीका नेताहरूमै रहेको छ । यस्तो प्रस्थापना राख्दा केही प्रश्न उठ्न सक्छन् : जवसमा काम गर्नेले पार्टी र तिनका नेताको कचकच किन सहने र अरूको अधीनमा बसिरहने ? छुट्टै पार्टी नै निर्माण गरेर पूर्ण स्वतन्त्रता उपभोग किन नगर्ने ? नेपालको कम्युनिष्ट इतिहासमा जवस र तिनका नेताले यस्ता प्रश्न उठाएर पार्टी फुटाएको वा नयाँ बनाएको थाहा छैन । अधिकांश पार्टीको विभाजन र निर्माणमा पार्टीकै दोस्रो र तेस्रो तहका प्रतिस्पर्धी नेताको हात रहने गरेको छ, र पार्टीको विभाजनसँगै जवस विभाजन भएको वा एउटा विभाजित पार्टीसँग सग्लै आबद्ध भएको पाइन्छ ।

[४] नेकपाको नीति र अभ्यास अनुसार पार्टी प्रयाक्सन भनेको पार्टीले जवसलाई नीति निर्देशन र नियन्त्रण गर्ने जिम्मेवारी सहित खटाएका पार्टी नेताको टीमको रूपमा बुझिन्छ ।

मा गठित प्रचण्ड गोर्खालाई पहिलो नेपाली राजनीतिक दल भन्न सकिन्छ (हाछेथु सन् २००४ : ४५) । पाँच जना मात्रै सदस्य भएको प्रचण्ड गोर्खाले संघ-संगठन भने बनाएको देखिँदैन; अनि त्यसै कारण प्रचण्ड गोर्खालाई पार्टीको रूपमा नेहेर्ने पनि छन् । वि.सं. १९९३ मा बनाइएको प्रजापरिषद्का २० जना मात्रै विधिवत् सदस्य थिए । परिषद्को अगुवाइमा भएका आन्दोलन र कार्यक्रममा भने धेरै व्यक्तिको सहभागिता थियो (गौतम २०४६ : ३२२) । नेपालमा पहिलोपल्ट संगठित हिसाबले राजनीतिक आन्दोलन थालनी गरेकाले त्यसले बुद्धिजीवी, विद्यार्थी, युवक, मजदूर, किसानमा अभूतपूर्व जागृति ल्याएको थियो । त्यही जागृतिले पछि गएर जन र वर्गका संगठन निर्माणको भावभूमि तयार गरेको थियो । यद्यपि, लामो समयसम्म परिषद्ले जवसहरू बनाएको थिएन ।

त्यही राजनीतिक-सांस्कृतिक जगमाथि उभिएर गठित नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातन्त्र काँग्रेसले भने जवस निर्माणतिर ध्यान दिएको पाइन्छ । वि.सं.२००४ देखि नै राजनीतिक रूपमा संगठित भएका यसका नेताहरू विराटनगर जुट मिलको मजदूर आन्दोलन, बनारस लगायतका छात्र संगठन र अन्य तह/तप्काका जनसंघर्षबाट आएका कारण काँग्रेसले “मास पोलिटिकल पार्टी” को आकार ग्रहण गरेको हो (जोशी र रोज सन् २००४[सन् १९६६] : ५५) । प्रारम्भमा सत्याग्रहबाट जनता, राज्यसँगै विदेशी शक्तिको ध्यान आकर्षित गर्न सफल नेपाली काँग्रेसको स्थापना र संघर्षमा काठमाडौँको राणा दरबारबाट धपाइएका “एलिट” र मधेशको जमीनदारको नेतृत्व एवं भूमिका थियो (गिरी २०७३) । त्यही नेतृत्वले २००७ सालमा थालेको सशस्त्र संघर्षको जनाधार तराईमा भएको संगठन विस्तार र सहभागिता थियो । सो संघर्षलाई ब्रिटिश-भारतमा, विशेष गरी बनारसमा, अध्ययन गरिरहेका नेपाली विद्यार्थी र त्यहाँको सैनिक सेवा गरेका पूर्व गोर्खा फौजको संलग्नताले भरथेग गरेको थियो ।

पार्टी स्थापनाकाल (वि.सं. २००३) देखिका उकाली-ओरालीमा जवसको निर्माण र विस्तारलाई काँग्रेसले जारी राख्यो । शुरूमा नेपाल महिला संघ, नेपाली छात्र संघ र तरुण दलजस्ता भ्रातृ संगठन चलाएको काँग्रेसले पञ्चायत कालमा विद्यार्थी र प्राध्यापक समुदायमा पनि प्रभाव बढायो । काँग्रेसले युवा शक्तिकै आधारमा राजा महेन्द्रको निरंकुशता विरुद्ध मंसिर २०१८ र भाद्र २०२९ मा सशस्त्र संघर्ष गऱ्यो । वि.सं. २०३३ मा लिएको “राष्ट्रिय मेलमिलाप” को नीतिमा असफलता हात लागेपछि जनताबीच जान उसले जवसको निर्माण कार्यलाई थप तीव्र बनायो । वामपन्थी पार्टीसँग हातेमालो गर्दै २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएसँगै सांगठनिक रूपमा पनि उसले आफूलाई सुदृढ पार्न थाल्यो । सरकारमा जाने क्रमसँगै काँग्रेसका लागि पनि सत्ता-शक्ति प्रधान हुने, त्यसले पार्टीभित्र अन्तरद्वन्द्व र विभाजनको शृंखला सिर्जना गर्ने, र सँगै उसले जवसलाई बेवास्ता गर्ने गरेको देखिन्छ (आचार्य २०६२ : २९–३१) ।

अर्कोतर्फ, आफ्नो स्थापनाकालदेखि नै जवस निर्माण र विस्तार नेकपाको प्राथमिकतामा परेको देखिन्छ (महर्जन, सुवेदी र गौतम २०६३ : २३) । नेकपा स्थापना गर्नुअघि नै मनमोहन अधिकारी—जो पछि गएर नेकपाका महासचिव र प्रथम वामपन्थी प्रधानमन्त्री बने—विराटनगरमा मजदूरहरूलाई संगठित गर्दै थिए (पुष्पलाल २०५३ : २३) । २००५ सालमै खस-नेपाली भाषामा "कम्युनिष्ट घोषणापत्र" अनुवाद गरेका नेकपाका संस्थापक पुष्पलालले मजदूर र अर्ध-मजदूर (किसान) लाई संगठित गर्नु जरुरी रहेको बताएका थिए। वैशाख १०, २००६ मा नेकपा स्थापनापछि प्रकाशित पहिलो पर्चामा उनले लेखेका थिए : "संगठित हुने अधिकार पायौँ भने हामीहरूले मजदूर, किसान, विद्यार्थी, तरुण र नेपालका सम्पूर्ण प्रजातन्त्रीय-मनधारी नरनारीहरूलाई संगठित गर्नेछौँ" (पुष्पलाल २०५३ : ४८) ।

तत्कालीन नेकपाका लागि जवस खोल्नु र हकका लागि लड्नु नागरिक स्वतन्त्रता थियो। त्यसैले, नेकपाले सामन्ती व्यवस्थालाई समूल नष्ट गरी मजदूर वर्गको नेतृत्वमा नयाँ जनवादी नेपाल निर्माण गर्ने कार्यक्रम पेस गऱ्यो। "त्यसका निम्ति देशका सम्पूर्ण क्रान्तिकारी वर्ग तथा वर्गस्तरबीच उनीहरूकै जवस—जस्तै, ट्रेड युनियन, किसान संघ, विद्यार्थी फेडरेशन, महिला संघ, आदि—खोल्दै उनीहरूलाई संघर्षमा उतार्ने कार्यनीति लियो" (पुष्पलाल २०५३ : १८६) । आफ्नो पहिलो घोषणापत्रमा उसले मजदूर, किसान, विद्यार्थी, जनवादी युवा र श्रमजीवी महिलाका मागलाई सूचीकृत गर्दै उनीहरूलाई सम्झौताहीन संघर्ष गर्न अपील गरेको थियो । र, "श्रमजीवी जनताको विकासशील संघर्षमा सहभागी बन्ने र त्यसलाई संगठित पार्ने तथा नेतृत्व दिने र त्यसलाई विजयसम्म अघि बढाउने काममा समर्पित" हुने संकल्प गरेको थियो (पुष्पलाल २०५३ : ६३–६६)। मजदूरलाई रोटी, तलब र महँगी-भत्ता बढाउन; किसानलाई भोक हटाउन, बालीनाली (फसल) को भाउ बढाउन, ज्याला बढाउन (अधियाँको उचित भाग पाउन) र जमीनको हक पाउन; विद्यार्थीलाई नि:शुल्क वा कम शुल्कमा उच्च दर्जाको शिक्षा पाउन तथा नारीलाई दोहोरो दासत्वको विरोधमा लड्न नागरिक स्वतन्त्रता चाहिएको उसको उद्घोष थियो (पुष्पलाल २०५३ : ४८) ।

वि.सं. २००७ मा नेपाली काँग्रेसको सशस्त्र संघर्ष व्यापक भएपछि नेपालका प्रधानमन्त्री मोहन शम्शेर भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको "पाँचसूत्रे प्रस्ताव" (मेमोऱ्याण्डम अफ एड्भाइस) मान्न बाध्य भए (पाँडे २०३९ : ४४१–४४२) । विभिन्न स्वार्थ बीचको लेनदेनको क्रममा माघ २५, २००७ मा दिल्लीमा त्रिपक्षीय सहमति भयो, जसलाई "दिल्ली सम्झौता" वा "दिल्ली सहमति" भनिन्छ (उप्रेती सन् १९९२ : १६८) । यसपछि काँग्रेसको सशस्त्र संघर्ष पनि रोकियो । तर "दिल्ली सम्झौता धोखा हो" भन्ने नाराका साथ एउटा समूहले आन्दोलन चर्काउन थाल्यो । सो आन्दोलन दबाउन गरिएको भारतीय सैनिक हस्तक्षेपको नेकपाले भर्त्सना गऱ्यो । आन्दोलनको क्रममा नेकपाको सक्रियतामा अखिल नेपाल ट्रेड युनियन, अखिल नेपाल किसान संघ, अखिल नेपाल विद्यार्थी फेडरेशन, अखिल

नेपाल महिला संघ, आदि खोलिए (रावल २०४४ : ३७) । त्यस्तै, अखिल नेपाल शान्ति परिषद् (शान्ति मोर्चा), प्रगतिशील अध्ययन मण्डल र प्रगतिशील लेखक संघजस्ता भिन्न प्रकृतिका मोर्चा पनि खोलिए (पुष्पलाल २०५२ : १८६) । केआई सिंह विद्रोहको क्रममा २००८ देखि २०१३ सालसम्म नेकपा प्रतिबन्धित हुँदा अखिल नेपाल किसान संघलगायत विभिन्न जनसंगठनसँगै "जनअधिकार सुरक्षा समिति" को नामबाट संघर्ष चलाइयो । देशव्यापी चलाइएको किसान संघर्षका कारण सदस्य संख्यामा व्यापक वृद्धि भयो (गुप्ता सन् १९९३ : २०२–२०३) । तर, नयाँ स्थापित प्रजातन्त्रको उत्तरार्द्धमा पार्टीभित्र अन्तरसंघर्ष थालनी भएपछि किसान र अन्य जनसंघर्षमा शिथिलता आयो भने सदस्य-विस्तारको गति पनि सुस्तायो ।

२०१७ सालमा बहुदलीय प्रजातन्त्र मास्ने गरी "कू" गर्दै राजा महेन्द्रले राजनीतिक दलहरूमा प्रतिबन्ध लगाएपछि नेकपा भूमिगत हुन बाध्य भयो । फागुन २०१७ मा भारतको दरभंगामा भएको विस्तारित बैठक (प्लेनम) पछि नेकपामा चर्को विवाद भयो । विवाद समाधान नभएपछि वैशाख २०१९ मा सम्पन्न तेस्रो महाधिवेशपछि पार्टी अनेक समूहमा विभाजित भयो र जवसको क्रियाशीलता पनि कमजोर भयो । पार्टीमा हुने विवाद वा समूहको विभाजनको एउटा दृष्टान्त हो, नेकपाको अनेक समूहमा विभाजन । केशरजंग रायमाझी नेतृत्वको नेकपा मात्रै चार समूहमा भंगालिएको थियो । त्यसको प्रत्यक्ष असर सो समूहको नेतृत्वमा सञ्चालित मोर्चा/संगठनमा देखियो । नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन र नेपाल अफ्रो-एशियाली जन एकता समिति टुक्रिए । फेडरेशनभित्र विभिन्न समूहका समर्थक विद्यार्थीबीच गम्भीर मारपिट समेत भयो (रावल २०४४ : ७२) । पार्टी विभाजन हुँदा पार्टीआबद्ध जवस फुट्ने रोग पटक-पटक दोहोरियो ।

तथापि, "तीन दशक लामो पञ्चायती व्यवस्था कालमा नेपालको कम्युनिष्ट आन्दोलनले संगठन निर्माण र जनाधार वृद्धिमा तुलनात्मक रूपमा बढी सफलता प्राप्त गऱ्यो" (हाछेथु सन् २००४ : ४८) । पार्टी विभाजनपछि २०२४ सालदेखि बेग्लै पार्टी निर्माणका लागि पुष्पलाल पक्षबाट एउटा सम्मेलनको आयोजना गरियो । पुष्पलाल नेतृत्वमा २०२५ सालमा तेस्रो सम्मेलन गरी अलग्गै पार्टी बनाइयो । उक्त नेकपाले बीसको दशकमा संगठन विस्तारका क्रममा "जनवादी गणतन्त्र" स्थापनाको नाराका साथ किसान, युवा र विद्यार्थीका साथै बुद्धिजीवी मोर्चा बनायो । त्यसको संगठनात्मक विस्तार र उत्साह बढे पनि पार्टी-संगठनको एकता भने अनेक विवादका कारण लामो समयसम्म टिक्न सकेन (रावल २०४४ : ७४) ।

तीस र चालीसको दशकमा नेकपा माले र नेकपा चौथो महाधिवेशनले विद्यार्थी लगायत अन्य जवस निर्माणलाई व्यापक बनाए । वि.सं. २०३६ सालपछि मालेसँग सम्बन्धित विद्यार्थी लगायत अन्य जवस राष्ट्रिय स्तरमा फैलिए (रावल २०४४ : १२०–१२१) । पुष्पलाल र केशरजंग रायमाझी नेतृत्वका नेकपा तथा मोहनविक्रम सिंह-निर्मल लामाको

अगुवाइमा रहेको नेकपा चौथो महाधिवेशन पटक-पटक विभाजित भए । सोही अवधिमा नेकपा माले चाहिँ विभिन्न कम्युनिष्ट समूहलाई एकीकृत गर्दै जवस फैलाउनमा व्यस्त रह्यो ।

२०४६ सालको जनआन्दोलनका दुई घटक नेकपा माले र नेकपा मार्क्सवादीबीच एकीकरणसँगै नेकपा एमालेको विस्तार व्यापक भयो र नेपाली काँग्रेसकै प्रतिस्पर्धीको रूपमा उभियो । बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि एमालेले कमैया, सुकुम्बासी, महिला, भाषा, जनजाति, कर्मचारी, मजदूर लगायत नयाँ ढंगबाट उठेका जनवर्गीय आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै रूपमा भूमिका खेल्यो (हफ्टन, रिपर र ह्वेल्प्टन सन् १९९९) । कृष्ण हाछेथुका अनुसार वि.सं. २०४७ मा :

> एक वर्षको अन्तरिम सरकार रहेको समयावधिभित्र देशका प्रमुख दलले आ-आफ्ना संगठन गाउँ-गाउँ फैलाए । ... दलका भ्रातृ संस्था मार्फत विभिन्न पेसा, व्यवसाय, वर्ग र जातिबीच आफ्नो प्रभाव बढाए । देशको सम्पूर्ण भागमा र हरेक जाति, वर्ग र व्यवसायका क्षेत्रमा दलको प्रवेशले गर्दा पूरै समाजको दलीयकरण भयो । अर्को शब्दमा भन्ने हो भने दलहरूले राजनीतिक धरातल फराकिलो पार्ने र जनतालाई सचेत र संगठित पार्ने काम गरे । (सन् २००४ : ५६)

त्यस पछिको कालखण्डमा एमालेको संगठनात्मक विस्तार र प्रभावले नछोएको सामाजिक जीवनको कुनै पाटो रहेन । सामाजिक जीवनका सबै क्षेत्रमा संगठन विस्तार र सुदृढ गर्ने सन्दर्भमा उसलाई कसैले उछिन्न सकेन । एमाले लगायत अधिकांश पार्टीको मुख्य ध्यान र काम सत्ता-शक्तितिर केन्द्रित भएपछि तिनले आ-आफ्ना जवसलाई सत्ता र शक्तिमा पुग्ने भऱ्याङका रूपमा उपयोग गरे । यस अर्थमा काँग्रेसदेखि एमाले सम्मका जवसको विस्तार संख्या र प्रभावको विस्तार मात्रै होइन, सत्ता-शक्ति-सम्पत्तिको फैलावट पनि हो । मानवशास्त्री स्टेफन माइकसेलका अनुसार बहुदलीय व्यवस्थाको रूपमा प्रजातन्त्रको स्थापना गर्नुको एउटा अभिप्राय श्रमिक वर्गीय संगठनबाट राजनीतिक भूमिकालाई हरण गरी त्यसलाई राजनीतिक पार्टीका हातमा राखिदिनु हो । यसो गर्नाले श्रमिक वर्गीय संगठन पनि पार्टीगत आधारमा विभाजित हुन पुगे । मजदूर र किसानको जीवनसँग खास सरोकार नभएका विभिन्न पार्टीका नेतृत्वका स्वार्थसँग बढी सरोकार भएका चुनावी उद्देश्यका लागि यी संघ आपसमा भिड्नतिर लागे (माइकसेल सन् २००४ : २७, ३७–३८) । यिनै परम्परा र प्रवृत्ति २०६२–२०६३ सालको जनआन्दोलनपछि स्थापित "समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्र" मा झनै झ्यांगिएका छन्, जुन आम रूपमा उदार भनिने पूँजीवादी लोकतन्त्र, सीमित समूहलाई पोस्ने त्यसको संरचना र प्रतिनिधित्व प्रणालीको विशेषता नै हो । "समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न" चाहने जनता; "समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाली राज्य" र

त्यसले घोषणा गरेको "समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य" (नेपाल सरकार २०७२ : २, ३, २१) सँग यी परम्परा र प्रवृत्तिको तालमेल कसरी हुन्छ, प्रश्न अनुत्तरित छ ।

## पार्टीबाट निर्मित जवस र फ्र्याक्सन

नेपालको सामाजिक-राजनीतिक परिवर्तन अनुसार फेरिएका राजनीतिक पार्टीका संगठनात्मक संरचना हेर्दा तिनमा चार तह विकास भएको पाइन्छ : १) मुख्य शासकीय अंग : विभिन्न क्षेत्रका कार्यकर्ताका आधारमा पिरामिड आकारको आधारभूत संरचना, २) पार्टीका विभाग : विषय र कार्यक्षेत्रका आधारमा गरिने श्रमको विशिष्ट विभाजन, ३) पार्टीका सार्वजनिक कार्यालय : जनताबाट निर्वाचित पार्टी नेता अट्ने ढाँचा, र ४) जवस र अन्य संगठन : जनताका वर्ग र अन्य पहिचानका आधारमा बनेका पार्टीसम्बद्ध र अधीनस्थ संरचना । यी चार तहलाई दुई थरी एकाइमा बाँडेर अध्ययन गर्न सकिन्छ—एउटा मुख्य संगठन, अर्को सहायक संगठन (हाछेथु सन् २००२ : १२३) ।

मुख्य संगठनको रूपमा रहने पार्टीको केन्द्रीय समितिलाई आफ्नो सुविधा र कामअनुसार विभाग—जस्तै संगठन विभाग, प्रचार विभाग, पार्टी प्रेस विभाग र सेक्रेटरियट, आदि—बनाउने अधिकार थियो । यी विभाग पार्टीबाट अलग्गै बनाइने जवसजस्ता संरचना थिएनन्, र केन्द्रीय समितिको अधीनस्थ हुन्थे (केसी २०५६ : ७२) ।[५] यी विभाग र मुख्य संगठनबीच द्वन्द्वात्मक सम्बन्ध नभएमा दुवै संरचना बिग्रन सक्छन् ।

[५] माघ २०१२ मा सम्पन्न महाधिवेशनबाट स्वीकृत नेपाली काँग्रेसको विधानको धारा २७ मा सहायक संगठनबारे व्यवस्था गरिएको छ । धारा २७ अनुसार, "नेपाली काँग्रेसको उद्देश्य र नीतिलाई समर्थन गर्ने र विधानलाई मञ्जुर गर्ने नेपालका कुनै राजनीतिक संस्थालाई अन्तर्गत गर्न अथवा मान्यता दिन केन्द्रीय समितिलाई अधिकार हुनेछ । त्यस्तो स्वीकृतिको समर्थन आउँदो महासमिति र अधिवेशनमा प्राप्त गर्नुपर्दछ । मान्यतापछि अन्तर्गत हुनेको उचित व्यवस्था पनि केन्द्रीय समितिले गर्ने छ र महासमिति र अधिवेशनबाट स्वीकृति लिने छ" (गौतम २०६६ : १०३ मा उद्धृत) । त्यसमा थप भनिएको छ, "सामाजिक तथा राजनीतिक सहयोगी संस्था र उपसंस्था बनिबनाउ होस् वा काँग्रेस आफैले रचनात्मक र वृत्तिविशेष (fuctional) का लागि बनाएर होस्, तिनलाई नेपाली काँग्रेस पार्टीको अधीनस्थ काम गर्न मान्यता दिइने छ । मान्यताको अर्थ जिल्ला काँग्रेस कमिटी, महासमिति र यस अधिवेशनमा प्रतिनिधि पठाउने हक हुनेछ । मान्यता प्राप्त भएपछि या अन्तर्गत भएपछि नेपाली काँग्रेसको विधान अनुसरण गर्नुपर्नेछ" (गौतम २०६६ : १०२ मा उद्धृत) । यसले के देखाउँछ भने काँग्रेसले बनाउने वा बनिबनाऊ सामाजिक तथा राजनीतिक संस्था र उपसंस्थाको हैसियत पार्टीको सहयोगी हुन्छ, उनीहरूले पार्टीको अधीनस्थ भएर काम

माघ १७, २०१० मा सम्पन्न नेकपाको प्रथम महाधिवेशनबाट स्वीकृत विधानमा "अन्य पार्टी संगठनमा पार्टी प्रयाक्सन" बनाएर जवस सञ्चालन गर्ने विधि-प्रक्रिया तोकिएको थियो । विधानको धारा ५१ अनुसार तीन वा तीनभन्दा बढी पार्टी सदस्य भएका कुनै जन वा वर्ग संगठनमा, अरू राजनीतिक वा सामाजिक संगठनमा एउटा पार्टी प्रयाक्सन गठन गरिन्थ्यो । पार्टी प्रयाक्सनको काम उक्त संगठनका पार्टी सदस्यको नेतृत्व गर्नु र पार्टीको नीतिअनुसार संगठनमा काम गर्नु, पार्टीको प्रभाव बढाउनु र पार्टीको नीति प्रवेश गराउनु थियो । पार्टी प्रयाक्सन कुनै आधारभूत वा अरू किसिमको संगठन थिएन, तर त्यस्तो सहायक संगठन थियो, जसले सधैँ कुनै न कुनै पार्टी संगठनको नेतृत्वमा काम गर्थ्यो । धारा ५२ अनुसार पार्टी प्रयाक्सनको पनि एक मन्त्री हुन्थ्यो, जसले पार्टीको त्यस कमिटीलाई नियुक्त गर्दथ्यो र मातहतमा उक्त पार्टी प्रयाक्सन हुन्थ्यो । त्यस्तै, धारा ५३ अनुसार अन्य पार्टी संगठन भित्रको पार्टी प्रयाक्सन त्यसै स्तरका संगठनको मातहतमा रहनेछ । उदाहरणका लागि, कुनै संगठनको केन्द्रीय कार्यकारिणी भित्रको प्रयाक्सन पार्टीको केन्द्रीय समितिको मातहत हुन्थ्यो, र प्रान्तीय कार्यकारिणी भित्रको प्रयाक्सन प्रान्तीय कमिटीको मातहतमा हुन्थ्यो भने यही किसिमले जिल्ला, शहर र गाउँ, आदिमा पनि रहने व्यवस्था थियो । पार्टीको क्षेत्रीय संगठन अनुसार नै कुनै अरू संगठनको पनि क्षेत्र बनेको छैन भने त्यसमा प्रयाक्सन ठूलो हुने स्थितिमा दिनहुँ काम चलाउन त्यसले एउटा प्रयाक्सन कमिटी चुन्ने प्रावधान थियो (केसी २०५६ : ७५–७६) । कतिसम्म भने, "अन्य राजनीतिक-सामाजिक संगठन" को रूपमा रहेको अखिल नेपाल शान्ति परिषद् नामक शान्ति मोर्चाको पुनर्गठनबारे, त्यसका नीति-कार्यक्रमबारे समेत पार्टीको केन्द्रीय समितिले फैसला गरेको पाइन्छ । वैशाख ६, २०१२ मा गरिएको पार्टीको केन्द्रीय समितिको फैसलामा समितिका प्रत्येक कामबारे पार्टीबाट ठाडै नीति-निर्देशन दिइएको छ ।[६] पार्टी प्रयाक्सन बनाउने नीति जवसभित्र मात्रै

---

गर्न पाउने छन् र पार्टीकै विधान लागू गर्नुपर्छ । सीमित रूपमै सही, माथिल्लो निकायका कमिटी, महासमिति र अधिवेशनमा प्रतिनिधि पठाउने अधिकार तिनले पाउँछन् ।

[६] शान्ति मोर्चाबारे पार्टीको फैसलाः १) तत्कालै उपत्यकाञ्चलको बैठक डाकी शान्ति मोर्चाको पुनर्गठन गर्न लाउने, पञ्चशीलका आधारमा विश्व शान्ति अपील र राष्ट्रिय अपील पास गरी हस्ताक्षर आन्दोलनका लागि अपील गर्न लाउने । २) त्यस मोर्चाका केन्द्रीय समिति (सी. सी.) ले यसलाई अन्य कार्यकारिणीमा कार्यबाहकहरूमध्ये एक बनाउनुपर्दछ । ३) हरेक मोर्चाको तर्फबाट र हरेक पार्टी सदस्यले शान्ति हस्ताक्षर अनिवार्य गर्ने तथा प्रत्येक सभामा शान्ति विषयक प्रस्ताव पास गर्ने नियम चलाउनुपर्दछ । ४) शान्ति मोर्चामा व्यापकताको नाममा पार्टी सदस्यले जिम्मेवारी ग्रहण नगर्ने नियमलाई परित्याग गर्नुपर्दछ र यो पार्टीका अरू काम साह्रै नै आवश्यक बनाउनुपर्दछ । ५) केन्द्रीय हेडक्वार्टरको नियमित सञ्चालन गर्नुपर्दछ । इलाकाहरूसँग सम्बन्ध चिठीपत्र र दस्तावेज पठाउने काम गर्नुपर्दछ । (केसी २०६२ : १०२)

सीमित नभएको यसले देखाउँछ । शान्ति परिषद्, प्रगतिशील अध्ययन मण्डल र प्रगतिशील लेखक संघजस्ता स्वतन्त्र देखिने अन्य राजनीतिक-सामाजिक संगठनमा समेत पार्टी प्रयाक्सन बनाइन्थ्यो । यस्तो नीति र अभ्यास पार्टीको आन्तरिक मामिला होला, तर त्यसले स्वतन्त्र छवि भएका राजनीतिक-सामाजिक संगठनलाई पनि काबुमा राख्न सक्छ । यस अर्थमा राजनीतिक पार्टीबाट बनाइएका जवस वा सहायक संगठन कसरी सञ्चालन हुन्छन् ? ती स्वचालित हुन्छन् कि परिचालित हुन्छन् ? तिनका नीति र नेतृत्व कसरी निर्माण हुन्छन् ? यी प्रश्न त्यत्तिकै पनि महत्त्वका मुद्दा हुन् ।

आफ्ना जवस र अन्य संगठनमा पार्टी प्रयाक्सन बनाएर काम गर्न थालिएको छ दशक हुँदा पनि तिनको सञ्चालन पद्दतिमा खासै भिन्नता आएको पाइँदैन । अहिले पनि जवसलाई नीति-निर्देशन दिने र नियन्त्रणमा राख्ने अभ्यास औपचारिक रूपमा पार्टी प्रयाक्सन मार्फत गरिन्छ । त्यति मात्रै होइन, पार्टीका नेताहरू नै जवसका प्रमुख (र अन्य मुख्य नेता) रहेर काम गर्ने र प्रभाव पार्ने अवस्था उस्तै छ । त्यसै गरी, पार्टी र प्रयाक्सनमै जवसका नीति, कार्यनीति र नेतृत्व तय हुने तथा जवसका गैरपार्टी पदाधिकारी र सदस्यबाट अनुमोदनमात्रै गराउने चलन समेत छ । पार्टी प्रयाक्सन र नेता मार्फत जवसका नीति-नियम एवं विधान पार्टीले दिने प्रचलन छ । जवसको सम्मेलनको नाममा गरिने भेलामा तिनै नीति-नियम एवं विधानलाई जवस नेता-कार्यकर्ताले थपडी बजाएर पारित गराउने अभ्यास जारी छ ।[७]

ती संगठनका बैठकमा जवस वा मोर्चाका इन्चार्जको हैसियतले सशरीर उपस्थित भएरै निर्णयहरू लिन सक्छन् ।[८] त्यस्तै, जवस र अन्य संगठनका भेला, सम्मेलन र महाधिवेशन स्थलमा वा त्यस वरपर समेत पार्टीका नेताहरू उपस्थित हुन्छन् । र, विशेषतः प्रयाक्सन

[७] नेकपा चौथो महाधिवेशनसँग आबद्ध अखिल नेपाल किसान संघले वि.सं. २०३८ मा भारतको दरभंगामा सम्मेलन सम्पन्न गरेको थियो । त्यसले जयगोविन्द साहलाई अध्यक्ष, फणिन्द्र न्यौपानेलाई उपाध्यक्ष र दिलबहादुर श्रेष्ठलाई महासचिवमा चयन गरेको थियो, जबकि उनीहरू पार्टीका पनि नेता थिए । किसान संघलाई हेर्ने गरी पार्टीमा महामन्त्री मोहनविक्रम सिंहको नेतृत्वमा बनाइएको पार्टी प्रयाक्सनमा पनि उनीहरू सदस्य थिए । यसरी पार्टीको नेतृत्व, पार्टी प्रयाक्सन र जवसमा समेत एकै व्यक्ति वा समूह रहने चलन पनि थियो (फणिन्द्र न्यौपानेसँग साउन १३, २०७४ मा गरिएको कुराकानी) । त्यस्तै, नेकपा एमालेसँग आबद्ध अखिल नेपाल किसान महासंघको मुख्य नेतृत्वमा कहिले केशव बडाल त कहिले वामदेव गौतमजस्ता पार्टी नेता छानिन्छन् ।

[८] नेकपा एमालेसँग आबद्ध किसान महासंघका महाधिवेशन र केन्द्रीय बैठकमा पार्टी प्रयाक्सनका नेताहरू उपस्थित हुन्थे (किसान महासंघका पूर्व कोषाध्यक्ष टीकाराम महर्जनसँग साउन १२, २०७४ मा गरिएको कुराकानी) । त्यस्तै, नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीको २१ औँ राष्ट्रिय सम्मेलनको मिति र निर्वाचनबाट नेतृत्व चयनबारे निर्णय गर्न बसेको पदाधिकारी बैठकमा पार्टीका नेता रामबहादुर थापा “बादल,” विद्यार्थी इन्चार्ज हितमान शाक्य लगायतको उपस्थिति थियो (अनलाइनखबर २०७४) ।

इन्चार्ज र प्रभावशाली नेताहरू त्यहाँ उपस्थित भएरै हस्तक्षेप गर्ने चलन व्यापक छ । उनीहरू ती संगठनका नीति-निर्णयमा, नेतृत्व छनोटमा, कार्यक्रम र आन्दोलनको तयारीमा समेत प्रभाव जमाउन र दबाब दिन सक्षम छन् । पार्टीको सत्ता-शक्तिमा रहेकै कारण उनीहरू निर्णय गर्ने-गराउनेसँगै आदेश-निर्देश समेत दिने हक र हैसियत राख्ने गर्दछन् ।

काम गरी खाने नागरिकलाई गरीबी र उत्पीडनबाट मुक्त गर्ने राजनीति बोक्दै अगाडि बढेको नेकपाले तिनै वर्ग र जनबीच काम गर्ने संगठन बनाएको थियो । तर यस्तो मुक्तिकामी आन्दोलनका लागि बनेको नेकपा, त्यसको संगठन, नेतृत्वसँगै जवसमाथि लादिएको नियन्त्रण र आदेश-निर्देश मुक्तिको राजनीतिलाई कत्तिको सघाएको छ, यो प्रश्नको थप उत्तर खोज्नु जरुरी छ । तल्लो भनिएका संगठन र पार्टीले बनाएका जवसभित्र आन्तरिक लोकतन्त्र निम्छरो रहने अवस्थामा मुक्तिकामी राजनीति फैलन्छ कि खुम्चन्छ ? तल्लो निकाय माथिल्लो तहको मुट्ठीमा हुने र व्यक्ति पनि पार्टीको मातहत नै हुने “जनवादी केन्द्रीयता”[९] हो भने त्यस्तो संगठनात्मक सिद्धान्तबाट निर्देशित पार्टीमा तल्ला संगठन र आम कार्यकर्ताको स्वतन्त्रता समेत सन्दिग्ध रहेको छैन ? तल्ला संगठन र आम कार्यकर्ताको स्वतन्त्रता समेत शंकास्पद हुने अवस्थामा नागरिक स्वतन्त्रता र समग्र मानव मुक्तिका लागि कसरी संघर्ष सम्भव होला ? यी प्रश्नको जवाफ खोज्न नेकपाले स्थापना गरेको अखिल नेपाल किसान संघलाई नमुना-अध्ययनको रूपमा लिएर यस पछिको खण्डमा चर्चा गर्नेछु । स्थापनाकालदेखि तीसको दशकको अवधिलाई ध्यानमा राखेर अध्ययन गर्दा नेकपा र किसान संघको सम्बन्ध स्वायत्त देखिँदैन, बरु नियन्त्रणका अनेक कडी त्यहाँ प्रस्टै देखिन्छन् (हेर्नुहोस्, अमात्य २०६२ : १२९; बासुपासा २०४४ : ७६–७७; राज सन् २०१० : ७४, ७६–७७) ।

## जवसको स्वायत्तता र नियन्त्रणको कडी

नेपाल कम्युनिष्ट पार्टीको पहलमा अखिल नेपाल किसान संघ (अनेकिसं) को जन्म भएको हो । त्यसैले, नेकपाको इतिहाससँग यसको इतिहास अभिन्न रूपले जोडिएको छ (पुष्पलाल

[९] जनवादी केन्द्रीयताबारे यो बुझाइ र अभ्यास बेठीक छ । जनवादी केन्द्रीयता भनेको आन्तरिक जनवादको जगमा निर्माण गरिने वैचारिक केन्द्रीयता हो । सबैभन्दा पहिले कुनै राष्ट्रिय महत्त्वका विषयमा तल-माथि व्यापक विचार-विमर्शका आधारमा विचार बनाउने काम गरिनुपर्छ । त्यस्ता विविध विचारलाई मथ्दै सही र धेरैको सहमतिपूर्ण नौनी निकाल्नु नै केन्द्रीकरण हो । विचारको केन्द्रीकरणपछि त्यसलाई व्यवहारमा लागू गर्नु नै जनवादी केन्द्रीयता हो । त्यसैले यसमा “विचार अभिव्यक्तिको स्वतन्त्रता, काम कारबाहीमा एकरूपता” हुन्छ । त्यसको अर्थ यस्तो अभ्यासमा विचार अभिव्यक्तिको स्वतन्त्रता भरपूर हुन्छ । कुनै पनि तहको मान्छेलाई कुनै पनि तहको मान्छेले प्रश्न उठाउने द्वन्द्वात्मक सम्बन्ध पनि हुन्छ । र, विचारको केन्द्रीकरणपछि त्यसलाई सबै नेता-कार्यकर्ताले हाँसीखुसी लागू गर्छन् ।

२०५३ : ३५९) । माथि भनिसकियो, नेकपाको प्रथम घोषणापत्रमा किसान समुदायका माग समाहित गर्दै उनीहरूलाई आफ्नो स्वतन्त्र वर्गीय संगठन बनाउन अपील गरिएको थियो । त्यसपछि, पार्टीको केन्द्रीय समितिले विभिन्न जवसको स्वतन्त्र संगठन गर्ने निर्णय लिएपछि किसान क्षेत्रमा कार्यरत केही साथीलाई समेटी एक केन्द्रीय "न्युक्लियस" गठन गरियो । र, एउटा स्पष्ट किसान कार्यक्रम र नीतिका आधारमा अनेकिसं गठन गर्ने फैसला गरियो । त्यसले निश्चित उद्देश्य लिएर संगठन र संघर्षका काम गर्न थाल्यो (पुष्पलाल २०५३ : ३५७–३५८) ।

वि.सं. २००७ को परिवर्तनपछि अनेकिसंले ठूल्ठूला किसान संघर्षको अगुवाइ गऱ्यो । यस क्रममा लाखौँ किसानले आफ्ना हक-हितका लागि आवाज उठाए । आन्दोलनकै प्रभाव स्वरूप वि.सं. २०१२ मा पहिलो सम्मेलन गरेको अनेकिसंको सदस्य संख्या दुईदेखि पाँच लाखसम्म पुग्यो । र, आफ्नो समयको नेपालकै सबैभन्दा व्यापक प्रभाव भएको संस्थामा परिणत भयो । तर, त्यति विशाल र प्रभावशाली संघर्ष चलाएको संघको संरचना र स्वतन्त्र नेतृत्व भने विकास हुनै पाएन । यसको संगठनात्मक अवस्था पनि ज्यादै कमजोर थियो । नेकपाको केन्द्रीय समिति सभाले विभिन्न मोर्चाबारे गरेको फैसलामा अनेकिसंको प्रस्ट तस्बिर देखिन्छ । फैसलामा भनिएको छ :

> केन्द्रीय हेडक्वार्टर छँदै छैन भनेजस्तो छ, केन्द्रीय अफिस र जिल्लाको सम्बन्ध व्यावहारिक रूपमा छँदै छैन, यहाँ सम्मको सोचनीय अवस्था छ कि ... ठाउँ-ठाउँमा किसान संघले गर्ने सारा काम नेकपाका कमिटीले गरिरहेका छन् । यसले गर्दा किसान संघको आफ्नो पहलकदमी बढ्न पाइरहेको छैन । किसान मोर्चामा काम गर्ने पार्टीका साथीहरू स्वयंले पनि पार्टी कामलाई बेसी महत्त्व दिएका छन् । पार्टी कामको नाउँमा उक्त मोर्चाको जरुरी कामलाई समेत उचित महत्त्व प्रदान गर्न सकिरहेका छैनन् । (केसी २०६२ : १०१)

"यस्तो खेदजनक र गम्भीर त्रुटिपूर्ण परिस्थिति" लाई ध्यानमा राखेर नेकपाको केन्द्रीय समिति (सी.सी.) ले किसान संघको हकमा ती गल्ती दोहोरिन नदिने प्रतिबद्धता जनायो । संगठनात्मक काम ठीक गर्ने उद्देश्यले केही "व्यावहारिक तौरको फैसला" गऱ्यो । *किसान मोर्चामा हाम्रो कर्त्तव्य* नामक पुस्तिका समेत प्रकाशन गऱ्यो । हरेक तहमा संघका मन्त्री तथा अध्यक्षलाई पार्टी कामबाट फुर्सत दिई किसान संघका कामको मात्रै उत्तरदायित्व दिने आदेश दियो ।[१०]

[१०] गैरपार्टी युनिटलाई पठाइएको सर्कुलरमा तत्कालै निम्नलिखित तरिका अनिवार्य रूपमा अपनाउने आदेश दिइएको थियो : १) हरस्तरमा संघका मन्त्री तथा अध्यक्षलाई पार्टी कार्यबाट मुक्त पारी किसान संगठन कार्यको मात्र उत्तरदायित्व दिने । २) हरस्तरका कार्यालय चलाउने

वि.सं. २०१२ मा पार्टीको केन्द्रीय समितिले यस्ता अनेक आदेश दिए पनि किसान संघको बिजोग लामो समयसम्म उस्तै रह्यो । पार्टीका अनेक निर्देशन र अह्रन-खटनका वाबजुद संगठन, नेतृत्व र संघर्षमा सुधार आएन । वि.सं. २०१४ मा सम्पन्न नेकपाको दोस्रो महाधिवेशनले त्यसमा सुधारका लागि नयाँ-नयाँ आदेश दिए पनि ठोस पहल र गम्भीर काम भएन : "किसान संघका नेताहरूबाट किसानका निम्ति कुनै काम भएन । किसान संघ पूरै शिथिल भयो । किसान केन्द्रीय काउन्सिल खत्तम भयो । केन्द्रमा अफिस समेत छैन" (केसी २०६२ : १६५) । सुधारका प्रयत्न निस्फल भए । वि.सं. २०१४ मा सम्पन्न दोस्रो महाधिवेशनपछि नेकपाको नेतृत्व सम्हालेका केशरजंग रायमाझीले "किसान आन्दोलनका कारण देशमा असाधारण स्थिति तयार भएको" विश्लेषण सहित आन्दोलनलाई तिलाञ्जली दिएपछि संगठन, संघर्ष र मुद्दाको थप अधोगति भयो (पुष्पलाल २०५३ : २६०) ।

धेरै वर्षदेखि किसान संघको तर्फबाट आमसभा नभएको र संघर्षमा शिथिलता आएको भन्दै वि.सं. २०१७ मा पुष्पलालले जिल्ला कमिटीलाई सर्कलुर पठाए, "भरपाई आन्दोलनको समर्थनमा विशाल किसान जुलुसहरूको संगठन गर्नुपर्छ" (केसी २०६२ : ११४) । यसअघि वैशाख २०१७ मै केन्द्रीय समितिले "किसान मोर्चाको असंगठित अवस्थामा सुधार ल्याई केन्द्रीयकरण गर्ने आदि दिशातिर सफलता प्राप्त गर्न तुल्सीलाल अमात्यका साथै केन्द्रीय सदस्य पी.बी. मल्ललाई इलाकाबाट मुक्त गरी किसान मोर्चाको केन्द्रीय जिम्मेवारी दियो ।" र "किसान मोर्चाको कार्य सञ्चालन पोलिटब्युरोको निर्देशनमा गरिने" निर्णय गरेको थियो (केसी २०६२ : १३१) । तर यसबीच पुष २०१७ मा महेन्द्रले सैनिक बलमा शासन-सत्ता लिएपछि किसान संघको अस्तित्व समेत समाप्त भएर गयो ।

---

कामको जिम्मेवारी मन्त्री र अध्यक्षलाई हुनेछ र यस सम्बन्धी त्रुटिबारे उनीहरूलाई नै पक्रनुपर्दछ । ३) हरस्तरमा संघका मन्त्री तथा अध्यक्षले कोटा उठाउने तथा केन्द्रलाई पठाउने तथा रिपोर्ट पठाउने उत्तरदायित्व ग्रहण गर्नुपर्दछ । खास गरी जिल्ला समिति (डी. सी.) र केन्द्रको सम्बन्धलाई बलियो पार्नु र यिनका कार्यालय सञ्चालित गर्नमा जोड दिनपर्दछ । ४) केन्द्रीय किसान काउन्सिल र सेक्रेटरियट तथा जिल्ला किसान काउन्सिल र सेक्रेटरियटका सभामा भाग लिने काममा कुनै प्रकारको बाधालाई मान्यता दिन [दिइन्नँ ?], चाहे त्यो पार्टीको कार्य होस् वा स्थानीय कार्य । पार्टी काम र स्थानीय महत्त्वको नाममा उक्त सभाहरूमा भाग नलिने सदस्यलाई किसान संघ तथा पार्टीले कडाइसाथ स्याहार गर्नुपर्दछ । ५) केन्द्रीय काउन्सिलको सभा यथाशीघ्र (भरसक मईभित्रै) बोलाई उपरोक्त आधारमा संगठनात्मक फैसला लिनाको साथ किसान संघको सदस्यता भर्नेबारे अवश्य निश्चय गर्नुपरेको छ र अर्धकट्टीबिना सदस्यता मानिन्न भन्ने तरिका कडाइसाथ लागू गर्नुपरेको छ । ६) हाललाई कामरेड सुरेन दत्त, केन्द्रीय समितिका सदस्यलाई किसान मोर्चाको पूर्ण उत्तरदायित्व दिइन्छ र केन्द्रीय अफिस सञ्चालन गर्न जुनसम्ममा केन्द्रमा पुग्न आदेश दिइन्छ । (केसी २०६२ : १०१–१०२ मा उद्धृत)

निर्दलीय पञ्चायती व्यवस्था लादिएपछि सबैजसो राजनीतिक पार्टी र जवसमा प्रतिबन्ध लागेसँगै किसान संघ पनि प्रतिबन्धित भयो । वि.सं. २०१९ मा सम्पन्न नेकपाको तेस्रो महाधिवेशनपछि विभाजित नेकपाको विशेषतः पुष्पलाल नेतृत्वको घटकले किसान संगठन र किसानका मुद्दालाई पुनःस्थापित गर्न प्रयास गऱ्यो । पुरानो अनेकिसंलाई "अखिल नेपाल क्रान्तिकारी किसान संघ"का रूपमा पुनर्गठन गऱ्यो र जिल्ला तथा अञ्चल स्तरमा किसानलाई संगठित गऱ्यो । तर धेरै ठाउँबाट "गौरवमय क्रान्तिकारी परम्परा भएको किसान संघको नाम बदल्नुपर्ने आवश्यकता नभएको" सुझाव आएपछि पुरानै नाम यथावत् राखियो (पुष्पलाल २०५३ : २६२–२६३) । यसरी क्रियाशील र विस्तार गरिएको किसान संघको केन्द्रीयकरण गर्ने आवश्यकता देखियो । त्यसपछि पार्टीको केन्द्रीय स्तरका किसान कार्यकर्ताको बैठक बोलाइयो र केन्द्रीय फ्र्याक्सन गठन गरियो । पार्टीको केन्द्रीय समितिले किसान सम्मेलन गर्ने फैसला लिएअनुसार सम्मेलन तयारी गरियो (पुष्पलाल २०५३ : २६२) । अन्तत: पहिलो सम्मेलन भएको बीस वर्षपछि दोस्रो सम्मेलनको आयोजना गरियो । त्यो पनि किसान संघको होइन, पार्टीकै तत्त्वावधानमा ।

वि.सं. २०३२ मा दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गर्ने काममा पुष्पलाल स्वयं होमिएका थिए । त्यसको घोषणापत्र (कार्यक्रम) र कार्यनीति समेत उनी आफैले बनाए । संघको एक केन्द्रीय नेतृत्व निर्माण गर्न पनि उनले आग्रह गरे । संघको नेतृत्व पार्टीकै आदेश-निर्देशमा बनाइयो कि देखावटी रूपमा निर्वाचन मार्फत बनाइयो, खोजीको विषय हो । तर, एउटा कुरामा भने सन्देह छैन—जसरी बने पनि सम्मेलनको सम्पूर्ण आयोजना गरेको पार्टीको पकडभन्दा बाहिर संघको नेतृत्व जान सक्ने सम्भावना थिएन, किनभने सम्मेलनका सर्वेसर्वा स्वयं पार्टी अध्यक्ष थिए । यसले जवसको स्वायत्तताको अवस्थालाई उजागर गर्छ ।

"नेपाल कम्युनिष्ट पार्टीको पहलकदमी र निर्देशनमा नै जन्म र पुनर्गठन भएको किसान संघका प्रत्येक शाखाको नेतृत्वले नियमित बैठक गरी आन्दोलनको सञ्चालनको नीति जनवादी पद्धति अनुसार तय गर्न" पार्टी नेतृत्वले सुझाव दिएको देखिन्छ । ती शाखा र संघले "आआफ्नो स्तरको नेतृत्वमा वादविवाद गरी नीति निष्कर्ष निकाल्ने जनवादी पद्धति" (पुष्पलाल २०५३ : ३९८, ४००) अनुसार काम गर्न कति पाए, त्यसमा पार्टी र नेतृत्वको हस्तक्षेप कति भयो, त्यो अध्ययनकै विषय हो । दस्तावेज र लेखनमा जनवादी केन्द्रीयताको वकालत बकाइदासँग गरिए पनि जवसको जनवाद, स्वतन्त्रता, पहलकदमीलाई पार्टीको केन्द्रीयताको चौघेरोमा कैद गरिएका उदाहरणको कुनै कमी छैन । पुष्पलालको संगठनात्मक विरासत मान्ने नेकपा एमाले, नेकपा चौम र नेकपा माओवादी केन्द्रका नेताको अनुभवका आधारमा हेर्दा पार्टीले किसान संघ र अन्य जवस चलाएको देखिन्छ । तर तिनको स्वायत्तता पूर्वक सञ्चालनबारे आन्तरिक चिन्तन भएको देखिँदैन ।

## "स्वतन्त्र" संगठन र "अदृश्य नैतिक सम्बन्ध"

स्वतन्त्र, लडाकू र प्रजातान्त्रिक जनसंगठन बनाउनुपर्ने अवधारणा पुष्पलालले नेपालको कम्युनिष्ट आन्दोलनको प्रारम्भिक चरणमै सार्वजनिक गरेका थिए। उनको अगुवाइमा बनेको नेकपाले पहिलो घोषणापत्रमै नेपालमा मजदूर, किसान, विद्यार्थी, युवा र महिलालाई "स्वतन्त्र लडाकू र प्रजातान्त्रिक जनसंगठन" बनाएर संघर्ष गर्न आह्वान गरेको थियो (पुष्पलाल २०५३ : ६४–६५)। नेकपा र जवसको सम्बन्ध परिभाषित नगरिएको स्थितिमा "स्वतन्त्र लडाकू र प्रजातान्त्रिक जनसंगठन" को परिभाषा र पार्टी सँगको सम्बन्धको अवस्था दस्तावेजमा भेट्टाउन असम्भव जस्तै छ। यसबारे वि.सं. २०३० मा लिखित पुष्पलालको रचना "नेपाल कम्युनिष्ट पार्टी र यसको कार्यपद्धति" मा फाट्टफुट्ट उल्लेख छ। यो लेखमा किसान संघका सम्बन्धमा भन्दा बेसी मजदूर संघबारे उल्लेख भएकाले र दुवै संगठनको प्रकृति मिलेकाले यहाँ विस्तारमा चर्चा गरिने छ।

तत्कालीन समयमा नेपालको सबभन्दा प्रगतिशील सामाजिक वर्ग मजदूर वर्गको चेतनशील, लडाकू, संगठित र अनुशासित दस्ता नेकपामा रहेको पुष्पलालको दाबी थियो। त्यही सीमित मजदूर वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने विश्वास उनको थियो : "मजदूर वर्ग एक्लैले मात्र आजको कृषि क्रान्ति सम्पन्न गरी नयाँ जनवाद स्थापना गर्न सक्दैन...। अतः मजदूरको अन्तिम उद्देश्यसँग मेल नखाने सामाजिक र राजनीतिक शक्तिहरूलाई पनि मजदूर वर्गले कसरी आफ्नो दार्शनिक तथा राजनीतिक प्रभावमा ल्याउने भन्ने कुरामा मजदूर वर्गको पार्टी कम्युनिष्ट पार्टीले सोच्नुपर्दछ" (पुष्पलाल २०५३ : १०५)।

पुष्पलालका अनुसार कुनै एक अमुक वर्गले आफ्नो वर्गको दृष्टिकोण र कार्यक्रमको औचित्य साबित गर्न खेलिने दाउपेच तथा क्रियाकलापको नाम नै राजनीति हो। त्यसका निम्ति कुनै पनि पार्टीले समाजका विभिन्न वर्ग तथा वर्गस्तरका जवसहरूको गठन गर्दछ (पुष्पलाल २०५३ : ९५)। सोही नीतिअनुसार जनताका विभिन्न क्रान्तिकारी वर्ग र वर्ग समस्यालाई आ-आफ्ना जवसमा संगठित गर्दै हकहितको निम्ति संघर्ष गर्ने र संघर्षको दौरानमा उनीहरूको राजनीतिक चेतनालाई अभिवृद्धि गराउने काममा पार्टी लाग्दछ (पुष्पलाल २०५३ : ९६)। उनी थप लेख्छन्, "विभिन्न जनवर्गीय संगठन मार्फत सर्वहारा वर्गले समाजका प्रत्येक अंगमा आफ्नो दार्शनिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, आदि प्रभाव पारिरहेको हुन्छ। यी तमाम जनसंगठनसँग पार्टीको 'अदृश्य नैतिक सम्बन्ध' को अभावमा पार्टी निर्णायक शक्तिको रूपमा देखापर्न सक्दैन" (पुष्पलाल २०५३ : १०६)।

पुष्पलालको मतअनुसार क्रान्तिका लागि गैरपार्टी जनताबीच सम्पर्क, राजनीतिक प्रभाव र नेतृत्वसँगै पार्टीप्रति उनीहरूको सहानुभूति जरुरी छ। जवस र तिनका संघर्ष त्यसका माध्यम हुन्, जो मजदूर वर्गको नेतृत्वमा हुने क्रान्तिका लागि उपयोगी हुन्छन्। यहाँ ती संगठनलाई माध्यम वा साधनका रूपमा उपयोग गर्ने मनसाय देखिन्छ। त्यही लेखको "विभिन्न

मोर्चाहरूको सम्बन्धमा हाम्रो नीति" उपशीर्षकमा उनी स्वीकार्छन्, "यी जनवर्गीय मोर्चाहरू समाजमा मजदूर वर्गको राजनीति र प्रभाव बढाउने साधन हुन् । फेरि पार्टीले आज आफ्नो सदस्यताको भर्नाको केन्द्र तिनै मोर्चाहरूलाई मानेको छ..." (पुष्पलाल २०५३ : १४१) ।

यहाँ पार्टीको जवस सँगको सम्बन्धलाई पुष्पलालले "अदृश्य नैतिक सम्बन्ध" को रूपमा व्याख्या गरेका छन् । त्यस्तो सम्बन्धको अभावमा निर्णायक शक्तिको रूपमा पार्टी देखापर्न नसक्ने उनको ठहर थियो । निर्णायक शक्तिको रूपमा देखापर्न जवससँगै सैद्धान्तिक, वैचारिक र राजनीतिक सम्बन्धको विस्तारतिर मात्रै औँल्याइएको अर्थमा हो भने यसको महत्त्व निकै हुन्छ । तर, अन्तरविरोधको पक्ष के हो भने धेरैजसो ठाउँमा उनले जवससँग पार्टीको सम्बन्धलाई "नीति-निर्देशकको अधिकारवाला र त्यसका नीति-निर्देशन क्रियान्वयनकर्ता बीचको सम्बन्ध" का रूपमा परिभाषित गरेका छन् (पुष्पलाल २०५३ : १४४) । उनको अगुवाइमा रहेको पार्टीको जवस सँगको व्यवहार नैतिक बन्धनभन्दा पनि स्पष्ट, सदृश्य, प्रत्यक्ष र खुलेआम बन्धनको रूपमा कायम राखिएको देखिन्छ । बन्धन बनाउने पार्टीले नै त्यसका नियम बनाउने र कस्ने पनि गर्दछ । जवस बनाउने, त्यसको नीति र नेतृत्वको निर्माण पनि अधिकांशत: पार्टी केन्द्रीय समितिको निर्णयका आधारमा हुन्छ । अनि, नेता-कार्यकर्ताका आचरण र कार्यशैली चाहिँ स्वायत्तता र स्वतन्त्रता अभिवृद्धि गर्ने "अदृश्य नैतिक सम्बन्ध" को मापदण्डसँग सीधै बाझिन्छन् (हेर्नुहोस् परिशिष्ट १) । त्यसैले, नेकपाका शुरूआती दस्तावेजमा "स्वतन्त्र लडाकू प्रजातान्त्रिक संगठन" मा जोड दिइए तापनि "स्वतन्त्र" शब्द संगठनको नाममा जोडिएको पुच्छरमा मात्रै सीमित रहेको छ । पार्टी र जवसको "प्रजातान्त्रिकता" पनि खोजमेल गर्नुपर्ने अवस्थामा पुगेको छ । र, "जुझारुपना" पनि माइकसेल (सन् २००४ : २७) ले भनेझैँ चुनावी मैदानमा अन्य दलसँग "भिजिलान्ते" शैलीमा लड्नमा मात्रै उपयोगी हुने गुण भएको छ ।

## नीति-निर्देशन दिनु पार्टीको अग्राधिकार !

जवसको उपयोग गर्नमा वा उपयोगमा अंकुश लगाउनमा वा नियन्त्रण गर्नका लागि पार्टीले अनेक सैद्धान्तिक जलप लगाइएको पाइन्छ । पुष्पलालकै रचना (२०५३ : १४४) मा पनि जवस माथिको नियन्त्रणलाई "पार्टीले दिने नीति-निर्देशनको हक र अधिकार" भित्र पारिएको छ । तर, त्यसको सैद्धान्तिक र व्यावहारिक पक्ष निकै समस्यामूलक र विवादास्पद छ । त्यसैले होला, पार्टीको पहलकदमी र नेतृत्वमा विभिन्न जवस खोल्दै सामाजिक शक्तिलाई संगठित रूपमा आर्थिक-राजनीतिक संघर्षमा उतार्ने क्रममा नेकपा र ती संगठनबीच केही अन्तरविरोध आएको छ । सबभन्दा प्रमुख अन्तरविरोध हो : पार्टी र जवसको आपसी सम्बन्ध । अन्तरविरोध स्वीकार्दै सम्बन्धित नेतृत्वदायी पार्टी कमिटीसँग जवसलाई नीति-निर्देशन दिने हक अधिकार रहेको तर्क पुष्पलालले गरेका छन् :

> मोर्चाका केही साथीहरूको भनाइ छ– मोर्चा एक अलग संगठन भएको हुँदा यसको पार्टीबाट अलग्ग र स्वतन्त्र अस्तित्व छ ... केही पार्टी नेतृत्वदायी साथीहरूको भनाइ छ– पार्टीको नेतृत्वमा गठन भएको हुँदा यसको पार्टीबाट अलग्ग र स्वतन्त्र अस्तित्व छँदै छैन । यी दुवै विचारधारा आंशिक रूपमा सही छन्, तर पूर्णतया होइन । अतः आज पार्टी र मोर्चाको सम्बन्धमा स्पष्ट समझदारी बनाउन आवश्यक भएको छ । नीति-निर्देशन गर्ने सम्बन्धमा सम्बन्धित नेतृत्वदायी पार्टी कमिटीहरूको हक र अधिकारको क्षेत्र पर्दछ भने उक्त नीति-निर्देशनलाई व्यावहारिक रूप दिने कुरा ती संगठनहरूको हक अधिकारभित्र पर्दछ । (२०५३ : १४४)

स्वतन्त्र र स्वायत्त संगठनको छवि बनाएका संगठन पनि जवस वा मोर्चाहरूसँग नेकपाको सम्बन्धमा देखिएको अन्तरविरोधबाट बच्न सकेनन् । उदाहरणका लागि प्रगतिशील लेखक संघ (प्रलेस) र बुद्धिजीवी संगठनलाई लिन सकिन्छ । यी दुवै संगठनमा पार्टीको नीति-निर्देशनबाट मात्रै जटिलता आएको होइन, अनुशासनबाट पनि समस्या आएको थियो । वि.सं. २०१६ मा प्रलेसलाई पुनःजीवित गर्ने कोशिश क्रममा पार्टीबाट बैठक बोलाइएको थियो । बैठकमा मार्क्सवादी लेखक र बुद्धिजीवी तथा तिनका संगठनमाथि पार्टीको नीति-निर्देशन र अनुशासनलाई बन्देजको रूपमा हेर्ने कि नहेर्ने भन्ने प्रश्न उठ्यो र त्यसमा एकमत हुन सकेन । केही बुद्धिजीवी/लेखकले पार्टीको नीति-निर्देशन र अनुशासनलाई बन्देजका रूपमा हेरे । समाजवादी देशका लेखकको उदाहरणको उपेक्षा गर्दै कतिपय लेखकले सामूहिक साहित्यिक आन्दोलनलाई उपेक्षा गरेकाले प्रलेसलाई पुनः ब्युँताउने प्रयास असफल भएको पुष्पलाल (२०५२ : १८७) को निष्कर्ष थियो । “प्रगतिशील बुद्धिजीवीको काम र कर्त्तव्य” व्याख्या गर्ने क्रममा उनले “पार्टीको निर्देशन र नियन्त्रण नमान्नेहरूलाई अवसरवादी” को आरोप समेत लगाए ।[११]

[११] पुष्पलालले लेखेका छन् : २०१६ सालमा प्रगतिशील लेखक संघको पुनर्गठन गर्दा लेख[क]को व्यक्तिगत स्वतन्त्रताको सम्मान गर्नुपर्छ भन्दै पार्टीको निर्देशन र नियन्त्रण मान्न सकिन्न भन्ने प्रश्न केही अवसरवादीले उठाएका थिए । जहाँसम्म हाम्रो बीचको कुरा हो, यस सम्बन्धमा कसैलाई पनि भ्रम छैन । तर राजाको गुलियो चाटेका र साथै मार्क्सवादी-लेनिनवादी, माओ-विचारधाराको मुखुण्डो भिरेका केही अवसरवादी व्यक्ति र व्यक्तिहरूले मार्क्सवादी बुद्धिजीवीहरूलाई पार्टीबाट अलग राख्ने आफ्नो कु-कार्यलाई चालु राख्नको निम्ति उपयुक्त कुरालाई बारम्बार प्रचार प्रसारमा ल्याई नै रहेका छन् । अतः तपाईं हामी सबैमा यो कुरा स्पष्ट हुनुपर्दछ कि यदि कुनै अमूक व्यक्ति व्यक्तिगत स्वतन्त्रताको नाममा आफ्नो पार्टी र संगठनभन्दा पर स्वतन्त्र रहन चाहन्छन् भने त्यस्ता व्यक्तिहरूलाई आफूबाट अलग गर्ने स्वतन्त्रता पनि पार्टी वा संगठनलाई अवश्य पनि हुनेछ र हुनु पनि पर्दछ । पार्टी र संगठनभन्दा ठूलो व्यक्ति कदापि हुन सक्दैन । (पुष्पलाल २०५२ : १९४–१९५)

व्यक्ति र व्यक्तिगत स्वतन्त्रतालाई मात्रै होइन, जवसको स्वायत्ततालाई पनि पार्टी अन्तर्गत ठान्ने संगठनात्मक सिद्धान्तबाट नेकपा र त्यसका कमै मात्र नेता अछूतो छन्। त्यसैले, फरक मत र असन्तुष्टि राख्नेहरू पलायन, विभाजन र निष्क्रिय भएको देखिन्छ। तर सम्बन्धित पार्टीले त्यस्ता व्यक्तिलाई गद्दारी गरेको, राज्यका लागि गुप्तचरी गरेको वा अनेक खालका "वादी" भएको आरोपमा संगठनबाट पन्छाउने गरेको पाइन्छ। सत्ता-शक्तिको अभ्यासमा मात्रै होइन, आर्थिक संकलन र उपयोगबारे पनि पार्टी र जवस/मोर्चाबीच विभिन्न खाले अन्तरविरोध हुने गरेको छ। त्यस्तो अवस्थामा व्यवहारबाटै "पार्टीको नेतृत्वदायी भूमिका" को आवश्यकताको बोध गराउनुपर्ने मत राख्दाराख्दै पुष्पलाल केही भिन्न आयाम पनि थप्छन् :

> मोर्चा र पार्टी बीचको अन्तरविरोध आर्थिक संकलनलाई लिएर पनि देखा पर्न आएको छ। पार्टीको मुख्य कार्य नीति-निर्देशन गर्ने भएको हुँदा विभिन्न जवस तथा मोर्चाहरूको पहलकदमी र नेतृत्वमा हुने संघर्षले पार्टीको सैद्धान्तिक र राजनीति प्रभावको वृद्धि गर्दछ। यसै क्रममा पार्टीको नेतृत्वदायी भूमिकाको आवश्यकताको बोध उत्तरोत्तर व्यवहारबाट ती संगठनहरूले पाउँदछन्। आर्थिक संकलनको प्रश्न पार्टीको सैद्धान्तिक र राजनीतिक प्रश्नसँग गाँसिएको छ ...। अतः पार्टीले ती संगठनहरूको आर्थिक स्रोत शुरूमा नै नियन्त्रण गरी पार्टी कोषतिर सार्ने नीति लिनको साटो व्यवहार मार्फत उनीहरूलाई पार्टीको नेतृत्वदायी भूमिकाको आवश्यकता बुझाई पार्टीको आह्वान र अपीलमा उनीहरूको नै पहलकदमीमा पार्टीको निम्ति आर्थिक संकलन गर्ने नीति प्रत्येक पार्टी कमिटीले अपनाउनु आवश्यक छ। मुख्य कुरा हो पार्टीको नेतृत्वदायी भूमिकाको आवश्यकताको बोध गराउनु; आर्थिक संकलनको कुरा गौण हो। (२०५३ : १४१)

जवसको आर्थिक स्रोतमाथि पार्टीले नियन्त्रण गर्ने पद्धतिको विपक्षमा उभिएका पुष्पलालको जोड थियो, "पार्टीको मुख्य कार्य तिनको नीति-निर्देशन गर्ने हो।" उनले "पार्टीको नेतृत्वदायी भूमिका" को आवश्यकता बोध गराउँदै अलग्गै आर्थिक संकलनका लागि तिनीहरूबाट पहल गर्नेतर्फ जोड दिएका छन्। पार्टीका लागि आर्थिक संकलन गर्ने "माध्यम" का रूपमा जवसलाई उनले बुझेको पाइन्छ। यहाँ जवसलाई आर्थिक स्वतन्त्रता दिने र आर्थिक स्रोतको पार्टीकरणको विपक्षमा उभिने उनको मत महत्त्वपूर्ण र उल्लेखनीय छ। यही मत जवसको स्वायत्तता र स्वतन्त्रताका सन्दर्भमा पनि त्यत्तिकै उपयोगी देखिन्छ। तर त्यस्तो स्वतन्त्रताको नीति जवसका नीति-नेतृत्व निर्माणमा स्वायत्तता र स्वतन्त्रता दिने हदसम्म विस्तार भएको देखिँदैन। आर्थिक संकलन र कोष परिचालनमा पार्टीको ठाडो हस्तक्षेपलाई पन्छाउँदै उनले यसबारे जवस/मोर्चामा सहमति निर्माण र थप पहलकदमीमा जोड दिनु महत्त्वपूर्ण पक्ष हो। यहाँ नीति-नेतृत्व निर्माणमा पनि संवादबाट सहमति निर्माण

र थप पहलकदमीका लागि पार्टी नेतृत्वबाट जनवादी प्रयास गर्ने मात्रै भनिएको भए पनि त्यसले नियन्त्रणकारी मनसायलाई कमजोर पार्न सक्थ्यो ।

## नियन्त्रण र स्वतन्त्रताबारे अन्तरविरोध

पार्टी र जवसबीच अन्तरविरोध देखापर्न थालेको यथार्थबारे पुष्पलाललाई सूचना र ज्ञान थियो । जवस र मोर्चा अलग संगठन भएका स्वीकार्दै उनले पार्टीभन्दा तिनको अलग्ग र स्वतन्त्र अस्तित्व रहेको तथ्य आंशिक रूपमा सकारेका पनि थिए । तर, त्यस्ता अलग संगठनलाई समेत नीति-निर्देशन गर्ने हक अधिकार पार्टीसँगै हुनुपर्ने मान्यता राखेकाले पुष्पलालका ज्ञान र मतमा अन्तरविरोध देखिएको छ । उनी कतै स्वतन्त्र र प्रजातान्त्रिक संगठन बनाउन आग्रह गर्छन् त कतै तिनलाई नीति-निर्देशन दिने हक पार्टीमै सुरक्षित राख्न चाहन्छन् । यदि संगठन अलग हो भने नीति-निर्देशन दिने हक-अधिकार पार्टीलाई कसरी हुन्छ ? उत्तर खोज्न सहज छैन । यदि त्यस्ता संगठनलाई पार्टीले नीति-निर्देशन दिने हो भने तिनलाई पार्टीले आफ्नो अंग वा निकाय मात्रै मानेको स्पष्ट हुन्छ ।

वि.सं. २००६ मै "स्वतन्त्र प्रजातान्त्रिक जवस" बनाउन आह्वान गर्ने पुष्पलालका रचना र व्यवहारमा पनि जवसलाई पार्टीका अंग-प्रत्यंगका रूपमा; पार्टीले बनाएका सिद्धान्त, नीति र कार्यक्रमका बाहकका रूपमा; र पार्टीका नीति-निर्देश पालना गर्ने तह वा निकायका रूपमा मात्रै लिइएको पाइन्छ (हेर्नुहोस् पुष्पलाल २०५२ : १८५) । सोभियत कम्युनिष्ट पार्टी स्थापना गर्ने र नयाँ संगठनात्मक सिद्धान्त बनाउने लेनिनकै शैलीबारे उनले एक ठाउँमा भनेका छन्, "पार्टीलाई व्यवहारमा सुगमता पूर्वक उतार्नका लागि पार्टीका विभिन्न अंग-प्रत्यंगमा बसी काम गर्ने साथीहरूले आफूलाई क्रान्तिकारी यन्त्रको एक कलपूर्जाको रूपमा सम्झनुपर्दछ" (पुष्पलाल २०५३ : १४७) ।[१२]

यस अध्ययनको क्रममा पुष्पलालसँग कुनै न कुनै रूपमा सम्पर्कमा रहेका तीन जना पाका नेतासँग कुराकानी गर्दा उनीहरूले आफूलाई क्रान्तिकारी यन्त्रको पूर्जा नै सम्झेको पाइन्छ । आधा शताब्दी लामो उनीहरूको राजनीतिक अनुभवमा पार्टी र जवस बीचको सम्बन्ध द्वन्द्वात्मक र स्वायत्त बनाउनुपर्छ भन्ने विचार कमै मात्रै जवसका नेतामा थियो ।[१३]

[१२] लेनिनवादी संगठनको संरचना विशेष कम्युनिष्ट ढाँचा हो । यसका सदस्यमा पार्टीप्रति असाधारण निष्ठा र आत्मोत्सर्गको भावना थियो, अधिक सैन्य अनुशासन र आबद्धता थियो, पार्टीको निर्णय कुनै पनि हालतमा लागू गर्ने अविचल संकल्प थियो (हब्सबअम सन् १९९५ : ७६) ।

[१३] नेकपा एमालेसँग आबद्ध अखिल नेपाल किसान महासंघका पूर्व कोषाध्यक्ष टीकाराम महर्जनसँग साउन १२, २०७४ मा गरिएको कुराकानी । नेकपा चौथो महाधिवेशनको भ्रातृ संगठन अखिल नेपाल किसान संघका पूर्व उपाध्यक्ष फणिन्द्र न्यौपानेसँग साउन १३, २०७४ र नेकपा माओवादी केन्द्रको सचिवालय सदस्य तिलक परियारसँग साउन १४, २०७४ मा गरिएको कुराकानी ।

"क्रान्तिकारी यन्त्रको पूर्जा" बन्ने-बनाउने सैद्धान्तिक-वैचारिक स्कूलिङबाट आएका कारण उनीहरू स्वयं त्यो मान्यतामा सन्देह गर्दथे । उनीहरूमा "भिन्न खालको सम्बन्ध पनि हुन सक्छ र" भन्ने प्रश्न समेत थिएन । पार्टीको मुख्य नेतृत्वसँग आलोचनात्मक मत राख्दा वा पार्टीमा गुटका आधारमा काखापाखा लगाउने व्यवहार हुँदा मात्रै जवस स्वायत्त नभएको र कलपूर्जा वा अंग-प्रत्यंग बन्नु उचित नभएको मत फुर्ने अवस्था आउने रहेछ ।[१४]

पार्टीलाई मस्तिष्क र जवसलाई अंग-प्रत्यंग मात्रै मान्ने संगठनात्मक सिद्धान्तले जवसको स्वतन्त्र एवं अलग अस्तित्वलाई स्वीकार्दैन । त्यस्तै, पार्टीको नीति-निर्देशनलाई व्यावहारिक रूप दिने हक-अधिकार मात्रै दिइएका जवसको स्वायत्तता र स्वतन्त्रता पनि संदिग्ध नै हुन्छ । मस्तिष्कले अंग-प्रत्यंग चलाउने जैविक सिद्धान्तलाई राजनीतिक पार्टीको संगठनात्मक सिद्धान्त बनाइयो भने समाज विज्ञानमाथि जीव विज्ञान हावी हुन सक्छ । यस सिद्धान्तलाई परिवार, समाज, राज्य र राजनीतिमा लागू गर्न खोजियो भने समाजका आर्थिक-राजनीतिक-सांस्कृतिक जीवन जैविक शरीर जस्तो नचल्न सक्छ ।

मस्तिष्क र अंग-प्रत्यंगको संगठनात्मक सिद्धान्तले नेपाल र भारतमा प्रचलित ब्राह्मण परम्परा अनुसार चार वर्णको जन्म र कामको पुरातन भाष्य एवं अभ्यासलाई टेवा दिन्छ । लेनिनले खोजेको नयाँ किसिमको पार्टीको संगठनलाई यूरोपेली इतिहासको सन्दर्भमा मध्ययुगका इसाई मठ र अन्य सम्प्रदायका आविष्कारसँग इतिहासकार एरिक हब्सबअमले त्यत्तिकै तुलना गरेका होइनन् (सन् १९९५ : ७६) । जारशाही केन्द्रीकृत राज्यलाई हराउन बनाइएको नयाँ किसिमको पार्टीमा संगठित व्यक्ति धार्मिक संस्थामा जस्तै राजनीतिक संगठनप्रति पनि पूर्ण प्रतिबद्ध हुनु जरुरी थियो ।[१५]

जवस, सहायक संगठन र मोर्चादेखि लिएर सामाजिक-राजनीतिक संगठन समेत राजनीतिक पार्टीहरूले नै बनाएको र चलाएको इतिहास छ ।[१६] अपवाद बाहेक सम्बन्धित जन वा वर्गका मानिसबाट, स्वतःस्फूर्त पहलका रूपमा, समस्या वा मुद्दा

[१४] फणिन्द्र न्यौपानेसँग साउन १३, २०७४ मा गरिएको कुराकानी ।

[१५] लेनिनको संगठनको सिद्धान्तबारे अध्ययनका लागि हेर्नुहोस्, कारचेदी (सन् १९९९) र मिश्र (सन् २०११[सन् २००२]क र सन् २०११[सन् २००२]ख) ।

[१६] नेपालमा राजनीतिक दलले मात्रै होइन स्वयं राज्यले समेत जवस स्थापना गरेको थियो । महेन्द्रले २०१९ सालदेखि प्रारम्भ गरेको दल विहीन पञ्चायती व्यवस्थामा विभिन्न जवस गठन गरिएका थिए । राजतन्त्र र पञ्चायती व्यवस्थाप्रति बफादार बनाउने लक्ष्यका साथ त्यस्ता छ ओटा संगठन बनाइएका थिए (बराल सन् २०१२ : २५१–२८३) । विभिन्न पेसासँग सम्बन्धित यी वर्गीय संगठनको सदस्यता पञ्चायती राजनीतिका भरेङ चढ्न अनिवार्य थिए (शाह सन् १९९० : २७–२९) । निरंकुशता र तानाशाही शासनको अस्त्रका रूपमा उपयोग भएपछि यस्ता संगठनको उपयोगिता र वैधता कमजोर भयो । बहुदलीय प्रजातन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाका

उठाउने क्रममा संगठन निर्मित भएका उदाहरण पाइन्छन् । त्यसैले मुख्य प्रश्न हो, निर्माता र निर्मित बीचको अन्तरसम्बन्ध कस्तो छ ? पार्टीले जवस निर्माण गरेकै कारण ती संगठनमाथि सञ्चालनकर्ताको हक लागेको दाबी गर्ने गरिन्छ । पार्टीबाट जवस निर्माण हुने आधारमा निर्माताको हातमाथि पर्नु र निर्माण भएका संघसंस्थाको हात तल पर्नु अनौठो होइन । त्यसैले उनीहरूमाथि पार्टीकै आदेश-निर्देश चलेको पाइन्छ । जवसको नीति, नेतृत्व र संघर्षका कार्यक्रमका विषयमा समेत पार्टीले नै फैसला गर्ने स्थिति नै सामान्यत: बलवान रहेको छ ।

सैद्धान्तिक र व्यावहारिक प्रयोगका हिसाबले तल-माथिको सोपानमा माथिकाको हक, हैसियत र प्रभुत्व बेसी हुने अवस्था छँदैछ । "जनवादी केन्द्रीयता" को आधारभूत सिद्धान्तको नाममा तल्लो तहलाई माथिल्लो तहको प्रभुत्वमा राख्ने प्रचलन छ । तल्लो तहका विचारलाई बेवास्ता गर्ने र आलोचनालाई अपराध ठान्ने हद सम्मको "जनवादी केन्द्रीयता" को बुझाइ र अभ्यासले प्रभुत्वको अवस्थालाई पुन:उत्पादन गर्छ । पार्टी र जवसमा उच-नीचमय तहको विस्तारसँगै "हस्-हजूर" को मानसिकता फैलाउँछ । र, यो पार्टी संगठनको सोपानमा मात्रै होइन, पार्टी र जवस बीचको सम्बन्धको हकमा पनि लागू हुन्छ (पुष्पलाल २०५३ : ११५; केसी २०५६ : ७०) ।

एउटा आदेश-निर्देश र फैसला दिने, अर्को खुरुखुरु मान्ने यस्ता दुई असमान संस्थाबीच कसरी घनिष्ठ सम्बन्ध कायम होला ? भइहाल्यो भने त्यस्तो घनिष्ठता मातहतका कमजोर संगठनका लागि हानिकारक सिद्ध हुँदैन ? त्यसैकारण पनि जवस र पार्टीबीच सम्बन्ध अस्वस्थ हुने त होइन ? तिनलाई तन्दुरुस्त पार्न पार्टी र ती संस्थाबीच घनिष्ठ सम्बन्ध कायम गर्न पार्टीले विशेष ध्यान दिनु परेको त होइन, विचारणीय छ (केसी २०६२ : १६५) । सामान्यतः नियन्त्रित अवस्थामा रहेका जवस सधैँजसो पार्टीका आदेश-निर्देश-फैसलाकै आधारमा चल्छन् भनी थोक निष्कर्ष निकाल्नु बेठीक हुन्छ ।[१७] द्वन्द्वात्मक सम्बन्ध कायम गर्न खोज्दा कसैले पार्टी र संगठन नै त्यागेका वा विभाजन गरेका उदाहरण पाइन्छन् । आफ्नै सत्ता-शक्ति-सम्पत्ति र प्रभाव विस्तार गर्न सफल भएका जवस वा सहायक संगठन वा सम्बद्ध गैससले पार्टीमाथि प्रभाव पार्न थालेका अपवादका नमुना पनि छन् ।

---

पक्षधरहरूको लक्ष्य भिन्दाभिन्दै हुनु अनौठो होइन, तर जवसको निर्माण र सञ्चालनमा राजतन्त्र र राजनीतिक पार्टीबीच खासै भिन्नता नहुनु चाहिँ संयोग मात्रै होइन ।

[१७] नेकपा एमालेको भ्रातृ संगठन युवा संघ नेपालको माधव नेपाल पक्षधर समूह र संस्थापन पक्षको रूपमा रहेको केपी शर्मा ओली पक्षधर समूह बीचको द्वन्द्व सार्वजनिक भएको थियो । माधव नेपाल पक्षधर समूहले "अन्तरजिल्ला कमिटीलाई स्वतन्त्र संगठन हो भनेर प्रचार गरेको" आरोप लगाएको थियो । त्यस्तै, "संघको नेतृत्व र पार्टीका जिम्मेवार नेताहरूले संघलाई हुकुमी शैलीमा सञ्चालन गरेको-गराएको मुद्दा पनि उठाएको थियो" (नागरिक २०७३) ।

जवसका उकाली-ओरालीले देखाउँछन्, संगठनको नाम फेर्ने, पुनर्गठन गर्ने एवं त्यसको सम्मेलन गर्ने निर्णय समेत पार्टीले गरेको अवस्थामा जवसको स्वायत्तता र आत्मनिर्णयको अधिकार फगत देखावटी हो । अहिले नेकपाका विभिन्न घटकसँगै सबैजसो पार्टीसँग सम्बन्धित जवसका सन्दर्भमा यी अधिकार औपचारिक वा "डि जुरे" रूपमा उनीहरूसँगै रहेको देखिन्छ । तर उनीहरूका मातृपार्टी नै "डि फ्याक्टो" निर्णायकका रूपमा रहेका छन् ।[१८] यद्यपि, अपवाद नभएका होइनन् ।

त्यसो त प्रयाक्सन मार्फत होस् या अन्य माध्यमबाट, जवसका निर्वाचनमा पनि पार्टीले नियन्त्रण र निर्देशन गरेको देखिन्छ । निर्वाचन जस्तो लोकतान्त्रिक पद्धति भनिने प्रक्रियालाई हास्यास्पद र अलोकतान्त्रिक बनाउनमा यस्तै नियन्त्रण र निर्देशनको भूमिका छ । भ्रातृ/भगिनी संगठनका सम्मेलनमा चुनाव हुँदा माउपार्टीले नेतृत्व निर्माण गर्छन् : पार्टी र फ्र्याक्सनका नेताहरू पहिले आफ्नो रुचिका व्यक्ति छनोट/प्रस्ताव गर्छन् अनि ती उम्मेदवारका नाउँमा सहमति जुटाउँछन् र निर्वाचन भैहालेको खण्डमा विजयको सुनिश्चितता गर्छन् ।[१९] पार्टीमा दुई वा बढी गुट भएमा गुट अनुसारका प्यानल बन्छन् । ती प्यानलबीच या प्रतिस्पर्धा हुन्छ या सहमतिको आधारमा भागबण्डा गरिन्छ । चुनावी प्रतिस्पर्धामा हारजितपछि तुस राख्दै अन्यलाई पावरवालाले कारबाही पनि गर्छ, गराउँछ । अनि, आफ्ना गुटियारलाई प्रश्रय-प्रोत्साहन-पदोन्नति दिइन्छ ।[२०] यस्तो प्रतिस्पर्धा र भागबण्डाले गर्दा पार्टी र पार्टी भित्रको एकल नेतृत्व वा एक गुटको प्रभुत्व संकटमा परेको संकेत पाइन्छ । यसले पराधीनताको अवस्थालाई पनि केही खुकुल्याउन सक्छ ।

पार्टीको भ्रातृ/भगिनी संगठनभन्दा भिन्न सम्बन्धमा रहने सहायक संगठन वा अन्य सामाजिक-राजनीतिक संगठनमा पनि पार्टीहरूको पकड बलियो छ । त्यहाँ आफू बलियो

[१८] नेपाली काँग्रेसमा जवसको निर्णायक महत्त्वका काम पार्टी नेतृत्वबाट, त्यसमा पनि शक्तिशाली सभापतिबाटै निर्देशित हुने गरेको छ । पार्टीभित्र विभिन्न गुटको निर्माणसँगै तिनको शक्ति र प्रभावलाई ध्यानमा राखेर पदको बाँडफाँड र पदोन्नति गर्ने चलन बढ्दो छ ।

[१९] टीकाराम महर्जनसँग साउन १२, २०७४ मा गरिएको कुराकानी ।

[२०] नेकपा चौमको किसान संघको सम्मेलन वि.सं. २०३८ मा भारतको दरभंगामा भएको थियो । सम्मेलनमा पार्टीका महामन्त्री शेर सिंह (भक्तबहादुर श्रेष्ठ) ले फणिन्द्र न्यौपानेलाई उपाध्यक्षमा नामांकन गर्ने पार्टीको निर्णय रहेको जनाएका थिए र नाम फिर्ता नलिन न्यौपानेलाई आग्रह गरेका थिए । उनले फलानालाई केन्द्रमा ल्याउने भन्दै सूची नै देखाएका थिए । न्यौपानेलाई उपाध्यक्षमा ल्याएकामा त्यस बेला कारबाही भोगिरहेका पूर्व महामन्त्री मोहनविक्रम सिंह रिसाएका थिए । सिंहले आफ्ना प्रतिस्पर्धी "निर्मल लामाका मान्छेलाई त्यति ठूलो पदमा ल्याउनु र जिम्मेवारी दिनु गल्ती भएको" गुनासो पोखेको प्रचण्डको भनाइ थियो । जवसको नेतृत्व चयन गर्ने वा नगर्ने मामिलामा गूटबन्दीको प्रभाव कम छैन (न्यौपानेसँग साउन १३, २०७४ मा गरिएको कुराकानी) ।

भए एकल रूपमा, नभए संयुक्त प्यानल बनाएर पार्टीगत प्रभुत्व विस्तार गर्ने अभ्यास लामो समयदेखि चलिरहेको छ । शिक्षक, प्राध्यापक, कर्मचारी संघ, इन्जिनियर एशोसियशन र बार एशोसियशन सम्ममा प्रजातन्त्रवादी वा प्रगतिशील वा राष्ट्रवादी प्यानलका नाममा पार्टीगत समूह बनाएर चुनावी प्रतिस्पर्धा गरेको जगजाहेर छ । ती संस्थाको नेतृत्व गर्ने समूह आफ्नो जन/वर्ग/वर्ण/लिंग/पेसा/व्यवसाय/रोजगारसँग सम्बन्धित मुद्दा र हकप्रति होइन, आफ्नो उम्मेदवार विजयी बनाउने पार्टीप्रति बफादार हुन पुग्छन् । उनीहरूले पार्टी, पार्टीगत नीति, कार्यक्रम, नेतृत्वको मात्रै होइन, पार्टीले बनाउने सरकारका बेथितिको समेत विरोध गर्न सक्ने अवस्था हुँदैन । लाभ-सुविधाको लेनदेन र पार्टी प्रतिको बफादारिताका कारण द्वन्द्वात्मक सम्बन्धको मृत्यु हुन्छ । पार्टी र सरकारजस्ता सत्ता-शक्तिका "हस्-हजूर" मा नेता-कार्यकर्ता फेरिन्छन् । तर राजनीतिक पार्टी र तिनका नेताहरूकै अलोकतान्त्रिक नियन्त्रण र भरपूर उपयोगका कारण मात्रै समस्या भएको होइन, त्यस्तो नियन्त्रणलाई आमन्त्रण गर्ने जवस नेतृत्वको समर्पणवादी भूमिका पनि उत्तिकै जिम्मेवार छ ।[२१]

यस्तो अवस्थिति र मनस्थितिको उत्पादन र पुन:उत्पादनमा ती वर्ग वा व्यक्ति; समुदाय वा संस्थाको सम्मति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यस्तो सम्मतिले गर्दा सन्देह, प्रश्न, आलोचना र विमर्शसँगै पहलकदमी निषेधित वा मत्थर हुन्छन् । निरंकुश निर्दलीय व्यवस्था भएका बेला पेसागत हकहितको प्राप्ति र प्रतिपक्षीय लोकतान्त्रिक राजनीतिको प्रसारका लागि बनाइएका ती संगठनको उपादेयता अहिले संदिग्ध भएको छ । त्यस्ता संगठन बन्द गरिनुपर्ने माग विद्यार्थी तहबाट राजनीति शुरू गरेका पार्टी नेताबाट पनि हुन थालेको छ ।[२२] संघ/संस्था/संगठन र तिनका मुद्दालाई "राजनीतीकरण" गर्नुको सट्टा "पार्टीकरण" सँगै निजीकरण गरिएकाले समस्या पेचिलो हुँदै गएको छ ।[२३]

यसको एउटा ज्वलन्त उदाहरण नेपाल आदिवासी जनजाति महासंघ हो । महासंघलाई राजनीतिक पार्टीहरूले अधीनस्थ सम्बन्ध राख्ने क्रममा विभिन्न पार्टीको जनजातीय संयुक्त मोर्चा र बलिया पार्टीहरूको जवसमा रूपान्तरित भएको आरोप लगाइन्छ ।[२४] महासंघ

[२१] "पार्टी र जवस बीचको सम्बन्ध: कति नियन्त्रित कति स्वायत्त ?" भन्ने विषयमा जेठ ७, २०७४ मा मार्टिन चौतारीमा भएको छलफलमा सहभागी अध्येता रमेश पराजुलीबाट व्यक्त विचार।

[२२] एमालेका नेता एवं संसदको विकास समितिका सभापति रवीन्द्र अधिकारीले शिक्षा क्षेत्रको सुधारका लागि राजनीतिक दल निकटका विद्यार्थी संगठन र शिक्षक संगठन खारेज गर्नुपर्ने बताएका थिए (थाहाखबर २०७४) ।

[२३] "स्वायत्त" संस्थाहरूको दलीयकरण र निजीकरणसँगै अराजनीतीकरणबारे अध्ययनका लागि हेर्नुहोस् (मिश्र २०७०; महर्जन २०७४क : ७) ।

[२४] समाजशास्त्री एवं आदिवासी अभियन्ता कृष्णबहादुर भट्टचनका अनुसार स्थापनाकालीन उद्देश्यका आधारमा महासंघ सामाजिक-राजनीतिक आन्दोलन र संगठन हो । यसमा विभिन्न

र जातीय संस्थाका अधिकांश पदाधिकारी कुनै न कुनै पार्टीको प्रभावमा छन्, कोही नेता-कार्यकर्ताका रूपमा त कोही समर्थक-शुभेच्छुकका रूपमा । महासंघको पदाधिकारी छनोटका लागि मात्रै होइन, राज्य र पार्टीबाट हुने राजनीतिक नियुक्तिका लागि पनि उनीहरू प्रबल आकांक्षी वा दाबेदार हुन्छन् । शक्ति र प्रभाव विस्तारका माध्यम भएकाले पार्टीहरूमा आफूलाई शेरजस्तै ठान्ने मनोवृत्तिको विकास भएको छ । यसरी पार्टीको प्रभाव र छनोट-नियुक्तिको आकांक्षाबीच मेलजोलका कारण जनजाति समुदाय र समूहका माग एवं महासंघका आन्दोलन ओझेलमा पर्छन् । माथिल्ला पदमा पार्टीगत आधारमा वा पार्टीहरूको मोर्चाबन्दीको जगमा प्रतिस्पर्धा सतहमाथि नै छर्लंग देखिन्छ । महासंघसँगै अन्य जातीय संस्थाका पदाधिकारीहरूको राजनीतिक नियुक्तिको आकांक्षाका कारण बहुपहिचानका मुद्दा ओझेलमा परेका छन् भने तिनमा पार्टीगत प्रभाव मुखर भएको छ ।[२५]

जनजातिको अनुहारमा पार्टीको नीति-निर्देशन मान्ने कार्यकर्ता खटाइने र उनीहरूलाई पार्टीले नियन्त्रण गर्ने देखिएको छ । त्यसैले, महासंघका पूर्वमहासचिव समेत रहेका ओम गुरुङले विभिन्न पार्टीका नेतालाई सोधेका थिए, "तपाईंहरूले पहिचानका मुद्दा र आन्दोलनसँगै महासंघको नेतृत्व सम्हाल्न नसक्ने आलाकाँचा र कमजोरहरूलाई किन पदाधिकारीमा उठाउनु हुन्छ ?" त्यसको जवाफमा पार्टीका एक नेताले हाँस्दै उत्तर दिएका थिए, "कमजोरलाई त उठाउने र जिताउने हो नि, नभए त कसरी कज्याउन सकिन्छ र ? बलियो र प्रभावशाली व्यक्तित्व भएकोलाई उम्मेदवार बनाइयो भने कहाँ टेर्छन् ? संस्था पनि कहाँ उनीहरूले चलाउने हो, चलाउने त हामी नै हो । चुनावमा मत हाल्ने पो जनजाति, जनता वा मतदाताले हो, उम्मेदवारको चुनाव गर्ने र जिताउने-हराउने त हामीले नै हो । उनीहरूलाई सञ्चालन, परिचालन र नीति-निर्देशन पनि हामीले नै गर्ने हो ।"[२६]

विभिन्न जातीय समुदायका कमजोर अगुवालाई महासंघको नेतृत्वमा पठाउने प्रक्रियाको नेपथ्यमा महासंघमा बलियो नेतृत्व नआओस् भन्ने पार्टीगत चाहना पाइन्छ । विभिन्न पेसा र समुदायका अगुवा आलोचनात्मक चेतना भएको बलियो नेतृत्वको रूपमा विकास भएमा

---

सूचीकृत जनजाति समूहका आधिकारिक संस्थाको प्रतिनिधित्व हुन्छ । यसमा जातीय जनसंख्याका आधारमा होइन, समुदायको आधिकारिक संस्थाका आधारमा प्रतिनिधित्व हुन्छ । सबै समुदायसँग एक-एकमात्रै भोट हुन्छ । त्यसैले कम जनसंख्या भएका समुदायका धेरै संस्था मिलेर महासंघ कब्जा गर्ने चलन छ । ती संस्थामा ठूला राजनीतिक पार्टीकै प्रभुत्व रहेकाले महासंघमाथि सहजै तिनको कब्जा हुन्छ । पार्टीगत प्रभुत्व भएका जातीय संस्था र ह्वीप मान्ने महासंघको नेतृत्वकै कारण महासंघ शिथिल भएको छ (भट्टचनसँग जेठ २, २०७४ मा गरिएको कुराकानी) ।

[२५] जनजाति महासंघका पूर्वमहासचिव ओम गुरुङसँग वैशाख २४, २०७४ मा गरिएको कुराकानी ।

[२६] गुरुङसँग वैशाख २४, २०७४ मा गरिएको कुराकानी क्रममा दिइएको जानकारी ।

त्यसले मातृपार्टीमाथि पनि बलियो दबाब दिन सक्छ र आन्दोलन समेत सुदृढ रूपमा हाँक्न सक्छ । साना-ठूला पार्टीको नियन्त्रणमा रहेका जातीय समुदायका संस्थाका संरचना, नेतृत्व र संघर्ष हेर्दा "कज्याउने र कजिने बीचको सम्बन्ध" देख्न सकिन्छ । वास्तवमा पार्टी र जवसको आलोचनात्मक चेत र सत्प्रयासलाई संगठित, व्यापक र सघन बनाउन नै यस्ता संगठन निर्माण गर्नुपर्ने हो । तर आलोचनात्मक चेतले "कज्याउने र कजिने बीचको पुरातन सम्बन्ध" लाई तोड्न सक्छ र त्यस्तो नयाँ सम्बन्ध पनि बन्न दिँदैन । यही त्रासका कारण आन्तरिक लोकतन्त्रमाथि दमन गरिन्छ र "प्याट्रोन-क्लाइन्ट" सम्बन्ध कायम राखिन्छ ।[२७]

यस अर्थमा लोकतन्त्र र नयाँ जनवादका लागि स्थापित भएका पार्टी र त्यसैका लागि लडेका नेताहरू त्यसप्रति कत्तिको प्रतिबद्ध छन् ? पार्टी र जवससँगै अन्य सामाजिक-राजनीतिक संगठनसँग रहेको असमान सम्बन्धका आधारमा पनि सन्देह र प्रश्न उठेका छन् । भनिन्छ, माउ सर्पले फुलबाट निस्किने आफ्नो बच्चालाई मौका परे क्वाप्प पार्छ; माउ गंगटोले भने पिठ्युँमा बच्चा हुर्काएर आफ्नै ज्यान त्याग्छ (गुरुङ सन् २००४ : २६) । राजनीतिक पार्टी कुनै न कुनै रूपमा माउ सर्पजस्तै र जवसहरू माउ गंगटोजस्तै भइरहने संरचना, सम्बन्ध र संस्कृति प्रश्नको घेरामा छन् । अत: राजनीतिक पार्टी र जवसबीच जारी "प्याट्रोन-क्लाइन्ट" सम्बन्धमाथि अध्ययन र विमर्श गर्दा सर्प र गंगटोजस्ता दुई माउको नियतिबाट मुक्त हुने बाटो खोज्नु जरुरी हुन्छ ।

## राजनीतिक पार्टी र जवसको सैद्धान्तिक रसायन

राजनीतिक पार्टी भन्नासाथ सामान्यत: हरेक मानिसको दिमागमा दुइटा कुरा सजीव भएर आउँछन् । एक, यो समान विचार र उद्देश्य अर्थात् सिद्धान्त राख्ने मानिसहरूको एक संगठित समूह हो ।[२८] दुई, त्यो समूह राज्यसत्ता प्राप्त गर्न प्रयासरत रहन्छ । कुनै सिद्धान्त, संगठन, नीति-कार्यक्रम नभएका समूह वा गुटलाई राजनीतिक पार्टी मान्न सकिँदैन । सत्ता वा शक्तिका लागि संघर्ष गर्ने पारिवारिक समूह वा राजनीतिक कुलीनको गुटलाई पनि पार्टीको प्रवर्गमा राख्न मिल्दैन ।

जनता र राज्यबीच संवाद-सम्पर्क गर्ने वा तिनलाई जोड्ने "लिंकेज इन्स्टिच्युशन" को रूपमा राजनीतिक पार्टीहरूलाई लिने र त्यसरी नै परिभाषित गर्ने "डिस्कोर्स" बलशाली छ (हाछेथु सन् २००४ : ४३–४४) । तर पार्टीहरू वास्तवमा जनता र राज्य बीचका "लिंकेज इन्स्टिच्युशन" मात्रै होइनन्, स्वयंमा सत्ता-शक्ति पनि हुन् । मूलत: सत्ता-शक्तिका लागि

[२७] आन्तरिक लोकतन्त्रबारे थप अध्ययनका लागि बेटेलहेम (सन् १९७६); माइकसेल (सन् १९९९ र सन् २००४) र समाजवादी आन्दोलन, नेपाल (२०५६) को दस्तावेज नं. १ हेर्नुहोस् ।

[२८] राजनीतिक पार्टीको परिभाषा र अभ्यास सम्बन्धी थप अध्ययनका लागि हाछेथु (सन् २००४) हेर्नुहोस् ।

क्रियाशील रहने पार्टीहरूभित्र र बाहिर पनि सत्ता-सम्बन्ध नै प्रभावशाली छ । पार्टी भित्रका संरचना, तह, नेतृत्वसँगै तिनका जवसका संरचना, तह, नेतृत्व पनि सत्ता-शक्ति नै हुन् । ती सत्ता-शक्तिको अभ्यासका उपकरण हुन् । तिनका नीति पद्धतिमा सत्ता-सम्बन्ध कायम हुन्छ । तिनका नीति-निर्देशन-आदेश-कार्यक्रम पनि सत्ता-शक्तिको अभ्याससँगै त्यसका वैचारिक अभिव्यक्ति समेत हुन् । पार्टी र पार्टी नेताहरूको जवस सँगको सम्बन्धमा पनि त्यसकै प्रतिविम्ब देखिन्छ ।

नेपालका पार्टीहरूको संगठनात्मक संरचना केन्द्रीकृत र त्यस्ता संरचनाको नेतृत्व केही कुलीन पुरुषको अल्पतन्त्र (ओलिगार्की) को रूपमा क्रियाशील छ (वुड सन् २००७[सन् १९९५]) । नेपालका सबैजसो पार्टीमा उच्च जातका भनिने पुरुषहरूको हैकम छ । उनीहरूकै भाषा, संस्कृति र मूल्य-मान्यता पार्टी-राजनीतिमा वर्चस्वमा छन् (महर्जन २०७४ख : ७) । सबैजसो पार्टीका सांगठनिक संरचनामा केन्द्र र एकाइ; माथि र तल; नेता र कार्यकर्ता; नेता र कार्यकर्ताबीच पनि पदाधिकारी र गैरपदाधिकारीको विभाजन छ । वास्तवमा राजनीतिक पार्टीभित्र शासक र शासितको संरचना र सम्बन्ध रहन्छ, तर तिनै शब्द प्रयोग गर्न भने पार्टीहरू हच्किन्छन् । त्यसैले, शासक र शासितलाई नीति-निर्देशन दिने र त्यसलाई कार्यान्वयन गर्ने दुई थरी समूह भन्न सकिन्छ ।[२९]

यस्तो संरचनाले पार्टीगत संगठनलाई तह/श्रेणीमा विभाजन गर्छ र नेता-कार्यकर्तालाई पनि त्यही सोपानमा आबद्ध बनाउँछ । यस्ता संरचना र सिद्धान्तले नेता-कार्यकर्तालाई पनि तह-तहमा विभाजन गर्छन् । परिणामत: कोही “सर्वोच्च” र सर्वाधिकारसम्पन्न व्यक्ति हुन्छ त कोही “गौण” वा “अधीनस्थ” हुन्छ ।[३०] यस्ता संरचना र सिद्धान्त भारत र नेपालमा सहजै स्वीकारिएको र लागू गरिएको पाइन्छ । यसो गरिनुमा यहाँको सांस्कृतिक परम्पराले भूमिकाले खेलेको हुनसक्छ । यहाँ ब्राह्मण र श्रमण बौद्धिक, सांस्कृतिक र सांगठनिक परम्पराबीच द्वन्द्व छ । जात, श्रेणी र छुवाछूतमा आधारित ब्राह्मणवाद, त्यसलाई लागू गर्ने राज्य, राज्यव्यवस्था र राजनीतिको प्रभुत्व र वर्चस्व छ । श्रमण सांगठनिक परम्परा लोकतान्त्रिक र समानतापूर्ण भए पनि यसको अभ्यासमा समस्या देखिन्छ । कुनै जमानामा नेपाल लगायत उत्तरी भारतमा कायम रहेका बुद्धकालीन गणराज्य र बुद्धले थालेको भिक्षु संघको संरचनाभित्र लोकतन्त्र र समानताको अभ्यास गरिन्थ्यो (महर्जन २०७०ख) । त्यहाँ अभ्यास गरिने सात ओटा लोकतान्त्रिक पद्धतिले तहगत संरचनालाई भन्दा समानता,

[२९] यसबारे थप अध्ययनका लागि हाछेथु (सन् २००२ : १२१–१६५) हेर्नुहोस् ।

[३०] यसबारे थप अध्ययनका लागि मणि (सन् २०१४, सन् २०१५[सन् २००५] र मेनन (सन् २०११) हेर्नुहोस् ।

स्वतन्त्रता र स्वाधीनतालाई मलजल गरेका थिए ।[३१] लोकायतदेखि बौद्ध र जैनसम्मका श्रमण सांठगनिक परम्परामा सामान्यत: संगठनमा तह थिएन; तह हुँदा पनि दुई तहमा सीमित थियो । माथिल्लो तह निर्वाचित हुन्थ्यो र जन्मको आधारमा पूर्वनिर्धारित थिएन । बोध, ज्ञान, शिल र सदाचारका आधारमा चयन हुन्थ्यो । सबै सदस्यबीच समय-समयमा बैठक छलफल र सकेसम्म सामूहिक निर्णय र कार्यान्वयन गर्ने प्रचलन थियो (अम्बेडकर सन् २०११; चट्टोपाध्याय सन् १९९२ : १०५; सन् २००५ : ३६१–३९५) । बौद्ध धर्मावलम्बी, बौद्ध धर्म मान्ने देश र समाजमा पनि श्रमण परम्पराको अभ्यास भएन । त्यसलाई थप विकास गरिएन । त्यसैले ती परम्परा अनेक कारणले कमजोर र संकटग्रस्त भए । नेपालमा पछिल्ला केही शताब्दीमा जात, श्रेणी र छुवाछूतमा आधारित मूल्य-मान्यता र कानूनको वर्चस्व रह्यो ।

भारतीय र नेपाली समाजमा मुख्यत: ब्राह्मण बौद्धिक, सांस्कृतिक र सांगठनिक परम्परा वर्चस्वशाली रहेकै कारण राजनीतिक पार्टी र जवसको संरचनामा पनि त्यसका बाछिटा देखिन्छन् । यही परम्परा अनुसार “उच्च” जातीय ब्राह्मण, क्षेत्री र नेवार जातिका केही परिवारले इतिहासदेखि वर्तमानसम्म पनि राज्य र संस्थाको नांगो दुरुपयोग गर्दै, अर्थ र शक्तिको एकलौटी उपभोग गरिरहेको पाइन्छ (हाछेथु सन् २००२ : ७६–७८) । यस्तो अवस्थामा लोकतान्त्रिक, मार्क्सवादी राजनीतिक पार्टी र जवसहरू पनि त्यस्ता उपभोग र उपयोगबाट मुक्त देखिएका छैनन् । त्यसैले आफूलाई द्वन्द्वात्मक भौतिकवादी ठान्ने यहाँका सवर्ण मार्क्सवादीहरूले पनि समाज, राज्य र पार्टीजस्ता संगठनमा रहेको श्रेणी विभाजन र एक वर्णको प्रभुत्वलाई देख्न सकेनन् वा त्यसलाई बेवास्ता गरिरहे (इलैआ सन् १९९८; निगम सन् २००४; मेनन सन् २०११[सन्२००६]; आहुति २०६७; महर्जन २०७०क) । वास्तवमा अनेक नाममा पार्टी वा संगठनलाई तह वा श्रेणीमा विभाजन गर्नु भनेको श्रेणीबद्ध

[३१] मगधका सम्राट अजातशत्रुले वज्जि महासंघमाथि आक्रमण गर्नुअघि बुद्धको आशीर्वाद लिन दूत पठाएका थिए । त्यस बेला बुद्धले दूतसामु ७,७०७ जना राजा भएको वज्जि महासंघको केन्द्र मानिने वैशालीका लिच्छविहरूको गणराज्यको लोकतान्त्रिक परम्पराको प्रशंसा गरेका थिए । उनले राष्ट्रलाई अपराजित राख्ने सात तत्त्वबारे भिक्षुहरूलाई सुनाएका थिए : १) संथागार (गणसभा) मा बरोबर एकत्रित भएर सामूहिक निर्णय गर्नु, २) पूर्ण सहमतिमा भएका निर्णय अनुसार एक भएर संघका कर्त्तव्य पालना गर्नु, ३) व्यवस्था (कानून र विनय) को पालना गर्नु, ४) संघका अनुभवी व्यक्ति, आचार्य वा नेता वा वृद्धहरूको सम्मान गर्नु, ५) स्त्रीमाथि जबर्जस्ती नगर्नु, ६) जातीय धर्मको पालना गर्नु, ७) धर्माचार्यहरूको सत्कार गर्नु । राहुल सांकृत्यायन (सन् १९९८[सन् १९९४] : ३९३) का अनुसार सामूहिक निर्णय गर्नु, सामूहिक कर्तव्य पालन गर्नु र स्त्री स्वातन्त्र्य चाहिँ प्रगति अनुकूलका विचार थिए भने अन्य बुँदा बुद्धले तत्कालीन सामाजिक व्यवस्थामा हस्तक्षेप गर्न नचाहनुका संकेत हुन् ।

संरचनामा ढाल्नु र पुनःउत्पादन गर्नु हो । अनेक खुड्किला भएका भरेङजस्ता समाज, राज्य र प्रशासनकै ढाँचालाई पुनःउत्पादन गर्नु हो, तिनलाई रूपान्तरण गर्न खोज्नु होइन । त्यस्ता पार्टीका जवस पनि श्रेणीबद्ध संरचनाकै विस्तार र निरन्तरता बाहेक केही होइनन् । मातृ पार्टीहरूमा जे-जस्तो संगठनात्मक संरचना, नेतृत्व पद्धतिमा अन्तरसम्बन्ध रहेको छ, तिनकै प्रतिकृति जवसहरूमा पनि छ । यसको स्पष्ट तस्बिर पार्टी र जवसको संरचनामा मात्रै होइन, नेतृत्वको ढपढाँचामा पनि देखिन्छ ।

आम रूपमा नेपालमा राजनीतिक पार्टीलाई मातृ संगठन तथा तिनले बनाएका अन्य संगठनलाई भ्रातृ/भगिनी संगठन मान्ने चलन छ । जन वा वर्गका संगठन र मोर्चालाई मातृ संगठनका सहायक वा सहयोगी वा सम्बद्ध वा अधीनस्थ संस्था (एन्सिलरी अर्गनाइजेशन) को दर्जा मात्रै दिइएको छ ।[३२] "एन्सिलरी" ले अधीनस्थकै अर्थ दिन्छ; गौण, निर्भर र दासीको तात्पर्य समेत दिन्छ । यस्ता संगठन र मोर्चा आफ्ना घोषित लक्ष्य, नीति र कार्यक्रम लागू गर्न बनाइन्छन् । त्यसैले यस्ता मोर्चालाई पार्टीले सहयोगी संस्थाका रूपमा मात्रै लिन्छन् । समाजशास्त्री कृष्णबहादुर भट्टचनको भाषामा राजनीतिक पार्टी संगठन र जवस मार्फत क्रियाशील हुने राजनीतिक एजेन्सी हुन् । यस्ता एजेन्सी भनेका माकुरा हुन् भने जवस तिनका जाला हुन् । निश्चित लक्ष्य प्राप्तिका लागि जालो मार्फत शिकार खेलिन्छ । पार्टीहरूले ती जालो मार्फत निश्चित वर्ग/वर्ण/लिंग र क्षेत्रका सीमित व्यक्तिका हित र स्वार्थको विस्तार र सुदृढीकरण गर्दछन् ।[३३] तर यस्ता खुल्ला नीति र गोप्य नियतबारे कमै मात्र प्रश्न उठाइएका छन् ।

## केही प्रश्न : केही घोत्ल्याइँ

हुन त नेकपाको पहिलो घोषणापत्रमै नेपालमा मजदूर, किसान, विद्यार्थी, युवा र महिलालाई "स्वतन्त्र लडाकू र प्रजातान्त्रिक जनसंगठन" बनाएर संघर्ष गर्ने उल्लेख थियो (पुष्पलाल २०५३ : ६४–६५) । तर, आफ्ना घोषित नीति तथा कार्यक्रम लागू गर्न पार्टीले बनाउने जवसको नाममा "स्वतन्त्र" फुर्को जोडिएता पनि ती व्यवहारत: स्वतन्त्र छैनन् । त्यसैले, आम रूपमा पार्टीको नीति-निर्देशनमा कामकारबाही गर्ने हद सम्मको "स्वतन्त्रताको अभ्यास" को अर्थमा मात्रै स्वतन्त्र जनसंगठन बनाउने अवधारणालाई बुझ्ने गरिएको छ ।

जवसका नेताका अनुभव र भनाइमा, "स्वतन्त्रताको अभ्यास" बारे स्पष्ट धारणा पार्टी र जवसमा मात्रै होइन, उनीहरूमा पनि छैन । पार्टीको नीति-निर्देशन अनुसार नै जवसले कामकारबाही गर्ने हो । नेतृत्व चयनमा आफू वा आफ्नो गुटको नपर्दा वा सन्तुलन नमिलेको

[३२] नेपाली काँग्रेसको विधानमा व्यवस्था भएको अधीनस्थ संस्थाबारे थप अध्ययनका लागि गौतम (२०६६ : १०३) हेर्नुहोस् ।

[३३] भट्टचनसँग जेठ २, २०७४ मा गरिएको कुराकानी ।

जस्तो लाग्दा मात्रै पार्टीको नीति-निर्देशन अनुसार गरिने कामकारबाहीमा असन्तुष्टि आउने हो ।[३४] पुष्पलाल र तत्कालीन नेकपाले "आफ्ना" जवसहरूलाई स्वतन्त्र लोकतान्त्रिक जनसंगठन हुन् भने पनि त्यसबारे वैचारिक अवधारणाको अभाव देखिन्छ। यस्तो अवस्थामा पराधीनता, स्वायत्तता र स्वाधीनताको खडेरीबारे कुनै बहस नहुनु छक्क पर्नुपर्ने विषय होइन।

नीति-निर्णयको अधिकार, आर्थिक स्रोतको संकलन एवं खर्च र नेतृत्व छनोट गर्ने हकको सन्दर्भमा जवसका लागि सापेक्षिक स्वतन्त्रता वा स्वायत्तता जरुरी र सम्भव छ । समाजको आमूल परिवर्तनको दिशा तय गर्न एवं भावी समाजका संरचना, संस्था, सम्बन्ध र संस्कृतिलाई उजागर गर्न पनि यस्तो जरुरी छ । गरीखाने जनताको तहमा मुद्दा उठाउने तथा उनीहरूको जीवनमा रूपान्तरणका लागि आवश्यक जवस र पार्टी स्वयं सत्ता-शक्तिको राजनीतिक झाडीमा अड्किँदा तिनको आपसी सम्बन्धमा पनि स्वतन्त्रता, स्वाधीनता र स्वायत्तताको अभाव रहेको हो । यसले आमूल परिवर्तन पछिको भावी समाजको तस्बिर पनि धमिलो देखिएको छ ।

यस्तो अवस्थामा आम जनता, त्यसमा पनि उत्पीडित विभिन्न वर्ग, वर्ण, लिंग र समुदायका मुद्दामा आधारित स्वतन्त्र संगठनको निर्माण गर्नु जरुरी छ । जनताका दिनहुँ भोग्नुपर्ने समस्या र मुद्दामा आधारित भई भुइँतहका संघर्षको धरातलमा यस्ता संगठन बनाइने हो । यस्ता स्वतन्त्र संगठनलाई विशिष्ट सिद्धान्त, विचार, नीति र कार्यक्रमसँगै आचरणका आधारमा प्रभावित पार्नु पार्टीको एउटा दायित्व हो । त्यही प्रभावको जगमा टेकेर जवस मार्फत आफ्ना सरोकारवाला जनतासँग घनिष्ठ सम्बन्ध कायम गर्नु; उनीहरूलाई दिशा दिई अगुवाइ गर्न सक्नु नै वास्तवमा ग्राम्सीको भाषामा नेतृत्व वा वर्चस्व (हेजेमोनी) स्थापित गर्नु हो । यसका लागि पार्टीका नेताहरूको काँधमा आदेश, निर्देश वा नियन्त्रण होइन, मूलत: समन्वय गर्ने र कहिलेकाहीँ दिशा दिने जिम्मेवारीसम्म स्वीकार्य हुन्छ (ग्राम्सी सन् १९९६; फ्रेरे सन् १९९६[सन् १९७०]) । आदेश, निर्देश वा नियन्त्रणमा अभ्यस्त नेतृत्वका लागि यस्तो सीमित जिम्मेवारी पक्कै पनि रुचिकर हुँदैन । तर, सिद्धान्त, संरचना र सम्बन्धमा परिवर्तन चाहने व्यक्ति र शक्तिसामु पार्टी नेतृत्वको कार्यभारबारे वैकल्पिक चिन्तनको विकल्प छैन । आम जनतामा वैचारिक-राजनीतिक र सांस्कृतिक नेतृत्वका आधारमा आमूल परिवर्तन गर्न खोज्ने राजनीतिक-आर्थिक-सामाजिक शक्तिका लागि आदेश, निर्देश वा नियन्त्रणको तौरतरिका, शैली र प्रवृत्ति त्याज्य छन् ।

पार्टी नेतृत्वको कार्यभारबारे वैकल्पिक चिन्तन गर्न चाहनेले नेतृत्व गर्ने "लिडर" र नेतृत्व गरिने "लेड" का विचार र व्यवहारबारे पनि पुनर्चिन्तन गर्नु आवश्यक छ । यसबारे विचार गर्दा नेतृत्व भनेकै के हो भन्ने प्रश्नबाट चिन्तन थाल्नु जरुरी छ । "लिडर" को सबैभन्दा

[३४] टीकाराम महर्जनसँग साउन १२, २०७४ मा; फणिन्द्र न्यौपानेसँग साउन १३, २०७४ मा र तिलक परियारसँग साउन १४, २०७४ मा गरिएका कुराकानी ।

महत्त्वको काम त पार्टी संगठन र जवस मार्फत सबै उत्पीडितलाई चिन्तन र कर्मका लागि प्रेरित गर्नु हो । यिनै चिन्तन र व्यवहार नै वास्तविक रूपमा लोकतान्त्रिक, जनमुखी र रूपान्तरणकारी आचरण हुन् । यही आचरणले शब्द र संसारलाई एकसाथ फेर्दै लान्छ ।[३५] यस्तो अवस्थालाई फेर्न सबै खाले संगठन, नीति र नेतृत्वबारे आलोचनात्मक विमर्श गर्दै, भुइँतहबाट हस्तक्षेप गर्न सक्ने भावभूमि तयारीको आवश्यकता देखिन्छ ।

चाहे राज्य होस् या पार्टी, संगठन होस् या परिवार, ती सबै सत्ता हुन्; सत्ताको अभ्यास गरिने मञ्च र संयन्त्र हुन् । जहाँ-जहाँ एक-अर्काबीच सम्बन्ध कायम हुन्छ, त्यहाँ-त्यहाँ सत्ता-सम्बन्ध स्थापित हुन्छ । सामान्यत: कहीँ मालिक र दासको, कहीँ हाकिम र कारिन्दाको, कहीँ शासक र शासितको, कहीँ शक्तिशाली र शक्तिहीनको । यस्तै पुरातन सम्बन्ध कायम गर्ने संगठन बनाउने कि त्यस सम्बन्धलाई फेर्ने ढाँचा र प्रक्रिया निर्माण गर्ने ? त्यसलाई फेर्न र नयाँ सम्बन्ध बनाउन, न्याय, समता र स्वतन्त्रताका मूल्य प्रवर्धन गर्न नयाँ संगठन बनाउने कि नबनाउने ? प्रतिस्पर्धाको ठाउँमा सहकारिता; हिंसा, असहिष्णुता र असंवेदनशीलताका स्थानमा मायाप्रेम, सहिष्णुता र संवेदनशीलताजस्ता मूल्य-मान्यता फलाउने-फुलाउने प्रक्रिया र संस्कृति सिर्जना गर्ने कि नगर्ने ? यसरी उद्देश्य र लक्ष्य अनुसार, त्यससँग अन्योन्याश्रित रूपमा गाँसिने मूल्य-मान्यता र संस्कृति अनुसार नै ढाँचा एवं प्रक्रिया निर्माण गर्ने कि नगर्ने ? यी प्रश्नबारे घोत्लिन केही बुँदा पेस गर्दैछु, जुन यस अध्ययन र चिन्तनको क्रममा थप आलोचनात्मक विचार-विमर्शका लागि प्रस्तावना मात्रै हुन् । क्रान्तिकारी सिद्धान्तको रूपमा उदाएको मार्क्सवादलाई मार्गनिर्देशक सिद्धान्त मान्दै विशेष खालको संगठनात्मक सिद्धान्त र अभ्यास गरिरहेका पार्टीहरूमाथि यी प्रश्न केन्द्रित छन् ।

मार्क्सवादलाई समेत धर्मका रूपमा उद्धारक मान्ने र मार्क्सवादी सिद्धान्त अनुसार क्रान्ति गर्न एक देशमा बनाइएको संगठनात्मक सिद्धान्त र अभ्यासलाई नै सर्वब्यापी (युनिभर्सल) ठान्ने चिन्तनले वैचारिक जडतालाई मलजल गरिरहेको छ (हब्सबअम सन् २००९ : ९५) । देशहरूका आफ्ना विशिष्ट अवस्था र अन्तरद्वन्द्वको प्रकृति अनुसार संगठनको संरचना निर्माण एवं संगठन भित्रको सम्बन्ध स्थापनाको पाटोलाई बेवास्ता गर्ने प्रवृत्तिले वैचारिक जडतालाई व्यापक र गहन बनाइरहेको छ (भूसाल २०६४ : ९१–१०५, ३००–३०६) । वास्तवमा कुनै पनि कम्युनिष्ट पार्टीको मुख्य काम हो : आ-आफ्नो देशको विशिष्ट अवस्था र अन्तरद्वन्द्वको प्रकृति पहिचान गर्दै त्यस अनुकूलको आमूल परिवर्तनको सिद्धान्त, संगठन र संस्कृति निर्माण गर्नु । तर, नेपालका अधिकांश कम्युनिष्ट पार्टीको इतिहासमा त्यस दिशातिर लाग्नुको सट्टा रुस र चीनको नक्कल गर्ने परम्परा बलशाली छ । रुसी जारशाही शासन र नोकरशाही ढाँचालाई परास्त गर्न बनाइएको त्यही सार र रूपको कम्युनिष्ट पार्टी एवं त्यसका जवसलाई युनिभर्सल सांगठनिक ढाँचा ठान्ने चलन कम्युनिष्ट र वामपन्थी पार्टीहरूमा व्यापक

[३५] यसबारे थप अध्ययनका लागि फ्रेरे (सन् १९९६) को चौथो अध्याय हेर्नुहोस् ।

छ (कारचेदी सन् १९९९) । नेपाल लगायत अधिकांश देशका कम्युनिष्ट पार्टी लेनिनवादी संगठनात्मक सिद्धान्तको नाममा "माथिबाट तल" को ढाँचामा बनाइएको छ, जसले केन्द्रीकृत, नोकरशाही, श्रेणीबद्ध र सर्वसत्तावादी पिरामिडको रूप लिएको देखिन्छ (बेटेलहेम सन् १९७६; महर्जन २०७०ग : ६) । त्यसकै प्रतिकृतिका रूपमा बनाइएका जवसका रूप पनि पिरामिडकै आकारको देखिन्छ, जसमा स्वतन्त्रता कुण्ठित हुन्छ ।

विभिन्न जन र वर्गका मुद्दा उठाउन बनाइएका अधिकांश जवसको निर्माण पार्टीकै नेता र कार्यकर्ताकै अग्रसरतामा भएको हुन्छ । पार्टीबाट तय भएको निश्चित उद्देश्य लागू गर्न वा क्रान्तिकारी परिवर्तनको कर्म वा राज्यसत्ता कब्जा वा निर्वाचन मार्फत सरकारमा आसीन हुने लक्ष्य पूरा गर्न जवस लगायतका आफ्ना अंगको विस्तार गरिन्छ । र, तिनलाई कज्याउन बनाइने पिरामिड जस्तो सांगठनिक स्वरूपबाट जवसलाई नीति-निर्देशन, नेतृत्व र परिचालन गर्न पार्टीलाई सहज हुन्छ । तर यस्तो प्रक्रिया लोकतान्त्रिक कसीमा घोट्दा भने असहज दृश्य देखिन्छ । त्यहाँ पार्टी र संगठनको नोकरशाही केन्द्रीकरण प्रस्टै देखिन्छ ।[३६]

देशविशेषको अवस्था अनुसार संगठन निर्माणलाई लेनिनवादी संगठनात्मक सिद्धान्तले सैद्धान्तिक रूपमा अस्वीकार गर्दैन । लेनिन आफैले पनि जीवनको उत्तरार्धमा देशको वैशिष्ट्य अनुसार संगठनको स्वरूप र पद्धति निर्माण गर्नुपर्ने विचार राखेका थिए (हार्नेकर सन् २००७ : ४६–४७) । तर, विश्व कम्युनिष्ट आन्दोलनमा बनेका कोमिन्टर्नजस्ता विभिन्न अन्तर्राष्ट्रिय कम्युनिष्ट केन्द्रले दबाब दिएकाले र विभिन्न देशका कम्युनिष्टले सर्वाधिक शक्तिशाली र प्रभावशाली सोभियत संघको कम्युनिष्ट पार्टीकै ढाँचाको अनुसरण गरेको अवस्थामा वैकल्पिक संगठनात्मक ढाँचाबारे कमै प्रश्न, परिकल्पना र अभ्यास गरियो (हब्सबअम सन् २००९; मरिक सन् २००९) । वैकल्पिक संगठनात्मक ढाँचाका लागि पनि रुसी विमर्श र अनुभव उपयोगी देखिन्छ । त्यसलाई पछि रुस र अन्यत्र बेवास्ता गरिए पनि यहाँ उल्लेख गरिन्छ ।

लेनिनवादी संगठनबारे लेनिनकै पालामा रसियन कम्युनिष्ट पार्टीमा पनि उठेका प्रश्नको उत्तर खोज्ने साहस र बुद्धिमत्ता देखाइयो भने नेपालका लागि उपयुक्त नयाँ सांगठनिक सिद्धान्त बनाउने बाटो फराकिलो हुनेछ । त्यस बेला रसियन कम्युनिष्ट पार्टीभित्रकै एक विचार समूह "वर्कर्स अपोजिशन" ले राजनीतिक, प्रशासनिक र आर्थिक क्षेत्रमा नेतृत्वको चयन विशेषतः "माथिबाट छनोट गर्ने पद्धति विरुद्ध निर्वाचन पद्धति" को वकालत गरेको थियो । "सेलेक्सन भर्सेस इलेक्सन" को विवाद हुँदा शुरूमा लेनिन पनि पार्टी र अन्य संगठनको नेतृत्व तथा राज्यका पदाधिकारीको चयनमा निर्वाचन प्रणालीकै पक्षमा उभिएका थिए । उनी जोडदार रूपमा भन्ने गर्थे, "कुनै अपवाद बिना, सबै अधिकारी निर्वाचित हुने र उनीहरूलाई कुनै पनि बेला फिर्ता बोलाइने प्रावधान हुनुपर्छ । ... यस्तो सजिलो र नमुनाको

[३६] थप अध्ययनका लागि समाजवादी आन्दोलन, नेपाल २०५६ को दस्तावेज नं. १ हेर्नुहोस् ।

लोकतान्त्रिक उपायले मजदूर र किसानका स्वार्थसँग उनीहरूलाई एकाकार गर्ने छ अनि पुँजीवादबाट समाजवादतिरको यात्रामा पुलको काम गर्ने छ" (महर्जन २०७०ग : ६)।

त्यस्तै, ब्राजिल लगायत दक्षिण अमेरिकी देशमा गरिएका सांगठनिक प्रयोगलाई बेवास्ता गर्न सकिँदैन। त्यहाँको अनुभवका आधारमा भन्न सकिन्छ : भुइँतहमा गरीखाने वर्ग र समुदायका मुद्दामा आधारित संघर्ष हुन सक्छ। संघर्षकै आधारमा संगठनको व्यापक जालो निर्माण गर्न सकिन्छ। तिनै सांगठनिक सञ्जालको जगमा राजनीतिक पार्टीको स्थापना पनि हुन सक्छ। त्यस्तो पार्टी मूलत: उत्पीडित वर्ग, वर्ण र पेसाका आन्दोलनबाट निर्वाचित भएर आउने नेताहरूबाटै बन्न सक्छ। तिनका जवसहरू पनि ती वर्ग र समुदायका आन्दोलनको अभिव्यक्ति हुनुपर्छ। चिन्तन, नीति निर्णय र कर्मका लागि तिनीहरूमाथि कुनै बारबन्देज हुनुहुँदैन। यी कुरा सम्भव भएमा नयाँ खालको आन्दोलन, नयाँ खालको पार्टी, नयाँ खालका जवस र नयाँ खालको अन्तरसम्बन्ध बन्न सक्छन् (महर्जन २०७०ग : ६; माइकसेल सन् १९९९ : २१३–२३०)।

समाजवादी सोभियत संघ र जनवादी चीनको पक्षमा उभिँदै नेपालमा बनेका कम्युनिष्ट पार्टीका संरचना, जवसको ढाँचा र सञ्चालन पद्धतिमा भिन्नता खोज्न कठिन छ। ती पार्टीसँगै सबै खाले विचारका पार्टी र जवसको अन्तरसम्बन्ध "संरक्षक-संरक्षित बीचको सम्बन्ध" मा आधारित छ (हाछेथु सन् २००४ : ५६–५७)। पार्टीको नेतृत्व "माथि" हुने र जवसको नेतृत्व "तल" हुने श्रेणीबद्ध बुझाइ र व्यवहार कायम छ, जसरी तिनको आन्तरिक संरचनामा पनि तल-माथिको भेद र अभ्यास हुन्छ। संरक्षक-संरक्षित बीचको सम्बन्ध भएका राज्य, समाज र संगठनमा "छनोटकारी कृपा" (सेलेक्टिभ प्याट्रोनाइजिङ) गर्न कुनै असहज अवस्था हुँदैन। संरक्षक र संरक्षित बीचको सम्बन्ध; दिने र लिने बीचको सम्बन्ध; खुवाउने र खाने बीचको सम्बन्धले "माथि" का नेतालाई शक्तिशाली बनाउँछन् भने कार्यकर्ता र जनतालाई कृपा र आशिर्वादका आकांक्षी, दयनीय र दास बनाउँछन्।

यसरी श्रेणीबद्ध संरचनाले, संरक्षक-संरक्षित बीचको असमान सम्बन्धले पार्टीभित्र मात्रै होइन पार्टी बाहिरका जवसमा द्वन्द्वात्मक सम्बन्ध कायम गर्न दिँदैन। यस्ता संरचना र सम्बन्धले कुनै पनि पार्टी र जवसभित्र नेतृत्व र कार्यकर्ताबीच पनि द्वन्द्वात्मक सम्बन्ध कायम गर्न दिँदैनन्। बरु श्रेणीबद्ध संरचना र संरक्षक-संरक्षित बीचको सम्बन्धलाई नै पुन:उत्पादन गरिरहन्छन्। एकापसमा द्वन्द्वात्मक सम्बन्ध कायम नहुँदा अधिकांश नेता-कार्यकर्ताका विचार, ज्ञान, अनुभव, अनुभूति, स्मृतिको विशाल भण्डारबीच अन्तर्क्रिया हुँदैन। त्यसबाट संगठन, पार्टी, नेतृत्व र आन्दोलन नै समृद्ध पार्ने हद सम्मको केन्द्रीकरण पनि अधुरो हुन पुग्छ। त्यस्तो द्वन्द्वात्मक अन्तर्क्रियाबाट वैचारिक केन्द्रीकरणको सम्भावना तुहिँदा कुनै न कुनै रूपमा केन्द्रीयता, (अनु)शासन, निरंकुशता मात्रै प्रभावी हुन्छन्।

यस्तो श्रेणीबद्ध र गैरद्वन्द्वात्मक सम्बन्ध रहने अवस्थामा कम्युनिष्ट पार्टीमा "चेतनशील ज्ञानी" र "सर्वहाराकृत बुद्धिजीवी" नेतृत्व हुर्कन्छ । त्यसले पार्टी मार्फत अज्ञानी जनताको बौद्धिक उद्धार गर्छ । त्यसका लागि सिद्धान्त र ज्ञान निर्माण गर्छ तथा क्रान्तिको अगुवाइ पनि गर्छ । र, सर्वहारा वर्गलाई "मुक्त" गर्छ । यस्ता अगुवाहरूको नोकरशाहीतन्त्र पार्टी र सरकारमा स्थापित हुन पुग्छ । फलतः ज्ञान, सत्ता-शक्ति, परिचालन क्षमता सबै संगठनको "माथिल्लो तह" मा केन्द्रित हुन्छन् । त्यसको पनि पार्टीको केन्द्रमा, त्यसको पनि "ज्ञानी चेतनशील सीमित नेतृत्व तप्का" मा सीमित हुन पुग्छ । तिनले पाउलो फ्रेरेको भाषामा "कर्ता" को हैसियत पाउँछन् (फ्रेरे सन् १९९६; महर्जन २०६०) । पार्टीकै तल्लो कमिटीदेखि जवस एवं तिनका तल्ला कमिटी र त्यहाँका नेता-कार्यकर्ता चाहिँ वस्तु (अब्जेक्ट) का रूपमा स्थापित हुन्छन् । किनभने उनीहरू माथिल्लो तह वा पार्टीमा बन्ने ज्ञान, त्यहाँबाट आउने नीति, निर्देशन र आदेशका पालनकर्ता हुन पुग्छन् । त्यसैको परिणाम स्वरूप उनीहरूका विपुल अनुभव, अथाह ज्ञान, विचार र मत माथिल्लो तहको नेतृत्वसम्म सहज रूपमा पुग्न सक्दैन । त्यसबाट समग्र सिद्धान्त, ज्ञान, नीति, निर्णय प्रभावित हुने जनवादी केन्द्रीयता अभ्यास हुने सम्भावना पनि रहँदैन । उनीहरूको वैचारिक र सामुदायिक प्रतिनिधित्वलाई पनि बेवास्ता गरिन्छ । वास्ता नै गरियो भने पनि "टोकनिज्म" मा सीमित गरिन्छ । उनीहरूबाट सदस्य संख्या वा जनसंख्याको समानुपातिक निर्वाचित हुने प्रणालीलाई मतलब राखिँदैन । यस्तो बेथितिबीच "ज्ञानी वा चेतनशील अगुवाहरू" को पार्टीले आफ्नै तल्लो एकाइ र जवसलाई नियन्त्रण गर्नु अनौठो होइन । ती संगठनको स्वायत्तता, स्वाधीनता र स्वतन्त्रताको अभ्यास नहुँदा नहुँदै पनि कुनै प्रश्न नउठ्नु चाहिँ पक्कै आश्चर्यको कुरा हो ।

कार्ल काउत्स्की र लेनिनको विचार र बुझाइ अनुसार वर्गीय चेतना एवं कम्युनिष्ट राजनीति मजदूर वर्गभन्दा बाहिर रहेका बुर्जुवा वर्गका क्रान्तिकारी बुद्धिजीवीबाट मजदूर वर्ग र अन्य समुदायमा प्रसार हुन्छ (कारचेदी सन् १९९९ : ५३–५९) । मजदूर वा सर्वहारा वा उत्पीडित जनतामा वर्ग-चेतना आफ्नै संघर्षबाट होइन, बाहिरबाट आउने विचार र बुझाइ विश्व कम्युनिष्ट आन्दोलनमा प्रबल छ । विशेष गरी क्रान्तिकारीका रूपमा रूपान्तरित बुर्जुवा बौद्धिकबाट वर्ग-चेतना आउने विचार शक्तिशाली छ । सर्वहारा वर्गहरूलाई शिक्षित र प्रबुद्ध पार्ने तथा नेतृत्व दिने काम पनि उनीहरूले नै गर्ने विश्वास बलियो छ । तिनै बुर्जुवा बौद्धिक तप्का र सर्वहारा वर्गको अग्रिम दस्ताको रूपमा कम्युनिष्ट पार्टी नै वर्ग-चेतको मुहान मान्ने सैद्धान्तिक बुझाइबाट कम्युनिष्ट नेता-कार्यकर्ता दीक्षित छन् । यस्ता विचार र बुझाइका कारण पनि पार्टी र संगठनबीच द्वन्द्वात्मक सम्बन्ध विस्तार गर्ने मामिलामा समस्या सिर्जना हुँदै आएको छ ।

यसैको फल स्वरूप एकातिर वर्ग-चेत नभएको सर्वहारा वर्ग र आम उत्पीडित जनतालाई तल्लो तहको "अब्जेक्ट" मानिन्छ । अर्कोतिर वर्ग-चेतले युक्त कम्युनिष्ट पार्टी एवं

त्यसको नेतृत्व गर्ने सीमित प्रबुद्ध अगुवाहरूको माथिल्लो तप्काको "सब्जेक्ट" ठानिन्छ। यस्तो विभाजनले कम्युनिष्ट आन्दोलनभित्र नयाँ श्रेणी निर्माणसँगै आपसी सम्बन्धमा दूरी जन्माएको छ। कम्युनिष्ट पार्टीभित्रै पनि "हामी" र "अन्य/पराया" को विभाजन हुन्छ; "ज्ञानी र अज्ञानी" वा "चेतनशील र चेतनाहीन" का श्रेणी पनि कायम हुन्छन्। "अचेत, अज्ञानी र अबुद्धिजीवी" मानिने मजदूरसँगै विभिन्न उत्पीडित वर्ग र समुदायलाई चेतना दिनुपर्ने, ज्ञान भर्नुपर्ने वा बुद्धि घुसाउनुपर्ने "अब्जेक्ट" को अर्थमा व्यवहार गरिन्छ। त्यस्तो "अब्जेक्ट" का "खाली" मनमस्तिष्कमा बाहिरका अन्य/पराया/ज्ञानी/चेतनशील समूहबाट वर्ग, क्रान्ति र समाजवादको चेतना प्रवेश गर्ने विचार र बुझाइले बाहिरलाई नै महत्त्व दिन्छन्।[३७] विभिन्न वर्ग र समुदायका संघर्षबाट मजदूर संघीय चेतना वा युनियनवादी आर्थिक चेतनामात्रै विकसित हुने र स्वतःस्फूर्त रूपमा वर्गीय, क्रान्तिकारी र समाजवादी चेतना नआउने तर्कले चेतनाको पुञ्ज मानिने पार्टीको सर्वोच्चता स्थापित गर्छ, पार्टीको अगुवाइ गर्ने बुद्धिजीवीको सत्ता कायम गर्छ। यस्तो लेनिनवादी संगठनात्मक सिद्धान्तको निर्माण र अभ्यासलाई भिन्नै कोणबाट हेर्दै अन्तोनियो ग्राम्सी उत्पीडित वर्ग र जनको समुदायबाट संघर्षकै क्रममा निर्माण हुने "जैविक बुद्धिजीवी" मार्फत "वर्चस्व/नेतृत्व"को अवधारणा उपयोगी हुने मत राख्छन् (ग्राम्सी सन् १९९६ : ३–४; हब्सबअम सन् २०११ : ३१४–३३३)।

कम्युनिष्ट पार्टीहरूले प्रयोग गर्दै आएको संगठनात्मक सिद्धान्त र त्यसको अभ्यास हेर्दा पार्टीको नीति-निर्देशन र पार्टीको नेतृत्वदायी भूमिकाबीच ठूलो सैद्धान्तिक अन्तरद्वन्द्व रहेको तथ्य केलाउन नसकिएको देखिन्छ। सबैजसो कम्युनिष्ट पार्टीले नीति-निर्देशन, आदेश र फैसलाबाट जवसलाई चलाएकोमा विवाद छैन, तर त्यसरी चलाइएका कुनै पनि संगठनका स्वतन्त्रता, स्वायत्तता र स्वाधीनता बाँकी रहँदैनन्। त्यसैले, अब पार्टीको त्यस्तो नेतृत्वदायी भूमिकाबारे सोच्नु जरुरी छ, जसले जवसबारे नीति-निर्देशन, आदेश र फैसला गर्दैन, बरु "हेजेमोनी" स्थापित गर्छ। त्यस्तो पार्टीले सही र उन्नत सैद्धान्तिकी, वैचारिकी, राजनीति, नीति-नैतिकता, मूल्य-मान्यता र संस्कृतिका आधारमा वर्चस्व विस्तार गर्छ। धेरैभन्दा धेरै मानिसबीच सहमति, सम्मति र स्वीकारोक्ति, सहभागिता र सहकार्यको वातावरण बनाउँछ।

हुन त "पार्टीको नेतृत्वदायी भूमिका" को वकालत गर्ने पुष्पलालको विचारमा एक नयाँ वैचारिक झिल्को नभएको होइन। त्यसको व्याख्या विश्लेषण हुनु-नहुनु वा अभ्यासमा आउनु-नआउनु आफ्नै ठाउँमा छ, तर पार्टीको नेतृत्वदायी भूमिका भनेको नीति-निर्देशन, आदेश र फैसला बिना पनि कायम हुने उनको संकेत विचारणीय छ। उनको संकेत र मतलाई विस्तार गरी हेर्दा देखिन्छ : पार्टीका सिद्धान्त, विचार, नीति, नेतृत्व र संस्कृति अब्बल हुँदा अन्य संगठन, समुदाय, समाज र व्यक्तिमा त्यसको आधार र प्रभाव बढ्ने

[३७] यसबारे थप अध्ययनका लागि फ्रेरे (सन् १९९६) को दोस्रो अध्याय हेर्नुहोस्।

हो । उनको मतलाई ग्राम्सीले व्याख्या गरेझैँ नेतृत्वलाई दबाब, नियन्त्रण, अंकुश वा दमन बिनाको प्रभाव, वर्चस्व र स्वीकार्यताका रूपमा बुझियो भने थप सैद्धान्तिक विकास हुन सक्छ (ग्राम्सी सन् १९९६) । पक्कै यी सन्देह, प्रश्न र आशा मात्रै हुन्, कुनै पनि हालतमा विश्वास वा उत्तर चाहिँ होइनन् । यस अर्थमा यी सबै सन्देह र प्रश्न आलोचनात्मक विचार-विमर्शका लागि घोत्ल्याइँका विषय हुन् ।

## धन्यवाद

राजनीतिक पार्टी र जवसबारे लेख्न प्रेरित गर्ने मित्र प्रत्यूष वन्त, संवादका लागि समय दिने डा. चैतन्य मिश्र, डा. कृष्णबहादुर भट्टचन, डा. ओम गुरुङ, टीकाराम महर्जन, फणिन्द्र न्यौपाने, तिलक परियार, निनु चापागाईं, रायन श्रेष्ठ, वीरप्रसाद भन्सारी, भोगीराज चाम्लिङ, संगीत स्रोता र सरिता परियारका साथै सल्लाह-सुझाव दिने चार जना समकक्षी-समीक्षक (पियर रिभ्युअर) लाई धन्यवाद । मार्टिन चौतारीमा जेठ ७, २०७४ मा भएको यसै विषयको अन्तर्क्रियामा सहभागीहरूप्रति आभार ।

## सन्दर्भ सामग्री

अनलाइनखबर । २०७४ । अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन भदौमा, नेतृत्व चयन निर्वाचनबाट । http://www.onlinekhabar.com/2017/07/613316/ मा उपलब्ध; साउन १२, २०७४ मा हेरिएको ।

अमात्य, तुल्सीलाल । २०६२ । *संस्मरणका पानाहरू* । ललितपुर : तुल्सीलाल स्मृति प्रतिष्ठान ।

आचार्य, नरहरि । २०६२ । *काँग्रेसमा लोकतन्त्र* । काठमाडौँ : मूल्यांकन प्रकाशन गृह प्रा.लि. ।

आहुति । २०६७ । *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष* । राजेन्द्र महर्जन, सं. । ललितपुर : समता फाउण्डेशन ।

कारचेदी, गगलील्मो । सन् १९९९ । *वर्ग विश्लेषण और सामाजिक अनुसंधान* । कृष्णकांत मिश्र, अनु. । दिल्ली : ग्रंथ शिल्पी ।

केसी, सुरेन्द्र । २०५६ । *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

केसी, सुरेन्द्र । २०६२ । *ऐतिहासिक दस्तावेज* । पहिलो भाग । काठमाडौँ : पैरवी प्रकाशन ।

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालय । २०३३ । *दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सिद्धान्त, दलविहीन पञ्चायत व्यवस्थाको राजनीतिक कार्यक्रम,*

*पंचकार्यकर्ताहरूको प्रशिक्षण तथा सुसंगठन, पंचकार्यकर्ताको मूल्यांकन योग्यता निर्धारण* । ललितपुर : गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालय ।

गिरी, प्रदीप । २०७३ । नेपाली काँग्रेसको वर्ग-मुहान । https://nepalkhabar.com/np/news/opinion/11434/ मा उपलब्ध; फागुन २४, २०७३ मा हेरिएको ।

गुरुङ, हर्क । सन् २००४ । *जनजाति सेरोफेरो* । काठमाडौँ : नेपाल आदिवासी जनजाति महासंघ ।

गौतम, राजेश । २०४६ । *नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजा-परिषद्को भूमिका* । भाग १ । काठमाडौँ : राजेश गौतम ।

गौतम, राजेश । २०६६ । *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस* । भाग २ । काठमाडौँ : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ ।

ग्राम्सी, अन्तोनियो । सन् २००२[सन् १९७०] । *सांस्कृतिक और राजनीतिक चिंतन के बुनियादी आधार* । कृष्णकांत मिश्र, अनु. । दिल्ली : ग्रंथ शिल्पी ।

चट्टोपाध्याय, देवीप्रसाद । सन् १९९२ । *दर्शनशास्त्र के स्रोत* । सुशीला डोभाल, अनु. । नयी दिल्ली : राजकमल प्रकाशन ।

चट्टोपाध्याय, देवीप्रसाद । सन् २००५ । *लोकायत: प्राचीन भारतीय भौतिकवाद का अध्ययन* । बृज शर्मा, अनु. । नयी दिल्ली : राजकमल प्रकाशन ।

थाहाखबर । २०७४ । गुणस्तरीय शिक्षाका लागि विद्यार्थी र शिक्षक संगठन खारेज गरौँ । http://thahakhabar.com/news/21105 मा उपलब्ध; साउन २०, २०७४ मा हेरिएको ।

नागरिक । २०७३ । एमाले युवा संघको विवाद चुलियो : छुट्टै महाधिवेशन गर्ने नेपाल पक्षधरको चेतावनी । http://www.nagariknews.com/news/14559/ मा उपलब्ध; साउन १०, २०७४ मा हेरिएको ।

निगम, आदित्य । सन् २००४[सन् २००२] । "ब्राह्मणवादी" आधुनिकता की आलोचना । *आधुनिकता के आइने में दलित* । अभय कुमार दुबे, सं., पृ. १५४–१८५ । नई दिल्ली : वाणी प्रकाशन प्रा.लि. ।

नेपाल सरकार । २०७२ । नेपालको संविधान २०७२ । http://bit.ly/2vEdBW8 मा उपलब्ध; साउन २२, २०७४ मा हेरिएको ।

पाँडे, भीमबहादुर । २०३९[२०३८] । *त्यस बखतको नेपाल* । दोस्रो भाग । काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पुष्पलाल । २०५२ । प्रगतिशील बुद्धिजीवीहरूको काम र कर्त्तव्य । *क. पुष्पलाल स्मृति अंक २०५२* । बलराम उपाध्याय र अरू, सं. । स्थान नखुलेको : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पुष्पलाल । २०५३ । *छानिएका रचनाहरू* । भाग १ । विष्णु प्रभात, सं. । स्थान नखुलेको : मदन-आश्रित स्मृति प्रतिष्ठान, नेपाल ।

पुष्पलाल । मिति नखुलेको । *छानिएका रचनाहरू* । भाग ३ । काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

बासुपासा । २०४४ । *फर्केर हेर्दा* । काठमाडौँ : पासा प्रकाशन ।

भूसाल, घनश्याम । २०६४ । *आजको मार्क्सवाद र नेपाली क्रान्ति* । काठमाडौँ : नेपाल अध्ययन केन्द्र ।

महर्जन, राजेन्द्र । २०६० । *समाजवादको सपना* । काठमाडौँ : संवाद ।

महर्जन, राजेन्द्र । २०७०क । दलितभित्रका बाहुनवादी । *नागरिक*, जेठ ७, पृ. ६ ।

महर्जन, राजेन्द्र । २०७०ख । बुद्धको सामाजिक क्रान्ति । *नागरिक*, जेठ १४, पृ. ६ ।

महर्जन, राजेन्द्र । २०७०ग । लेनिनवादी संगठनमा पदको विवाद । *नागरिक*, साउन ९, पृ. ६ ।

महर्जन, राजेन्द्र । २०७४क । दलतन्त्रमा निजीकरणको खतरा । *कान्तिपुर*, जेठ २३, पृ. ७ ।

महर्जन, राजेन्द्र । २०७४ख । मोनोरेल र ह्यामेलिनका मुरलीवादक । *कान्तिपुर*, साउन ३, पृ. ७ ।

महर्जन, राजेन्द्र, झलक सुवेदी र पुष्कर गौतम, सं. । २०६३ । *आमूल परिवर्तनको खाका* । काठमाडौँ : नवदीप प्रकाशन ।

माइकसेल, स्टेफन । सन् २००४ । प्रजातन्त्र । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. १–४१ । ललितपुर : सोसल साइन्स बहाः ।

मिश्र, कृष्णकान्त । सन् २०११[सन् २००२] । *समाजवादी चिंतन का इतिहास* । दो । दिल्ली : ग्रंथ शिल्पी ।

मिश्र, चैतन्य । २०७० । लोकतन्त्र कि दलतन्त्र ? रोजौँ । http://kantipur.ekantipur.com/news/2014-03-10/385433.html मा उपलब्ध; वैशाख १०, २०७४ मा हेरिएको ।

रावल, भीम । २०४४ । *नेपालमा साम्यवादी आन्दोलन : उद्भव, विकास र वर्तमान अवस्था* । काठमाडौँ : सामना प्रकाशन ।

समाजवादी आन्दोलन, नेपाल । २०५६ । *किन वैज्ञानिक समाजवादी आन्दोलनलाई नयाँ ढंगले संगठित गर्नु जरुरी छ ?* काठमाडौँ : केन्द्रीय संयोजन समिति ।

सांकृत्यायन, राहुल । सन् १९९८[सन् १९९४] । *दर्शन दिग्दर्शन* । इलाहाबाद : किताब महल ।

हब्सबअम, एरिक । सन् २००९ । *अतिरेकों का युग १९१४–१९९१* । भाग १ । प्रकाश दीक्षित, अनु. । मुंबई : संवाद प्रकाशन ।

हाछेथु, कृष्ण । सन् २००४ । संसदीय राजनीतिक दल । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ४२–६० । ललितपुर : सोसल साइन्स बहाः ।

Ambedkar, B.R. 2011. *The Buddha and His Dhamma: A Critical Edition*. Aakash Singh Rathore and Ajay Verma, eds. New Delhi: Oxford University Press.

Baral, L.S. 2012. *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds. Kathmandu: Martin Chautari.

Bettelheim, Charles. 1976. *Class Struggles in the USSR, First Period: 1917–1923.* Sussex: Harvester Press.

Freire, Paulo. 1996 [1970]. *Pedagogy of the Oppressed*. Myra Bergman Ramos, trans. London: Penguin Books.

Gramsci, Antonio. 1996. *Selections from the Prison Notebooks of Antonio Gramsci*. Quintin Hoare and Geoffrey Nowell Smith, eds. and trans. New Delhi: Orient Longman.

Gupta, Anirudha. 1993. *Politics in Nepal: 1950–1960*. Delhi: Kalinga Publications.

Hachhethu, Krishna. 2002. *Party Building in Nepal: Organization, Leadership and People*. Kathmandu: Mandala Book Point.

Harnecker, Marta. 2007. *Rebuilding the Left*. Delhi: Daanish Books.

Hobsbawm, Eric. 1995. *Age of Extremes: The Short Twentieth Century, 1914–1991*. London: Abacus.

Hobsbawm, Eric. 2011. *How to Change the World: Tales of Marx and Marxism*. London: Abacus.

Hufton, Martin, William Raeper and John Whelpton. 1999. *People, Politics and Ideology: Democracy and Social Change in Nepal*. Kathmandu: Mandala Book Point.

Ilaiah, Kancha. 1998. Towards the Dalitization of the Nation. In *Wages of Freedom: Fifty Years of the Indian Nation State*. Partha Chatterjee, ed., pp. 267–291. New Delhi: Oxford University Press.

Joshi, Bhuwan Lal and Leo E. Rose. 2004[1966]. *Democratic Innovations in Nepal. A Case Study of Political Acculturation*. Kathmandu: Mandala Book Point.

Mani, Braj Ranjan. 2014. *Knowledge and Power: A Discourse for Transformation*. Delhi: Manohar.

Mani, Braj Ranjan. 2015[2005]. *Debrahmanising History: Dominance and Resistance in Indian Society*. Delhi: Manohar.

Marik, Soma. 2009. *Reinterrogating the Classical Marxist Discourses of Revolutionary Democracy*. Delhi: Aakar Books.

Menon, Dilip M. 2011[2006]. *The Blindness of Insight: Essays on Caste in Modern India*. New Delhi: Navayana Publishing.

Mikesell, Stephen Lawrence. 1999. *Class, State, and Struggle in Nepal: Writings 1980–1995*. Delhi: Manohar.

Raj, Yogesh. 2010. *History as Mindscapes: A Memory of the Peasants' Movement of Nepal.* Kathmandu: Martin Chautari.

Shaha, Rishikesh. 1990. *Three Decades and Two Kings (1960–1990): Eclipse of Nepal's Partyless Monarchic Rule.* New Delhi: Sterling Publishers.

Uprety, Prem Raman. 1992. *Political Awakening in Nepal: The Search for a New Identity*. New Delhi : Commonwealth Publishers.

Wood, Ellen Meiksins. 2007[1995]. *Democracy Against Capitalism: Renewing Historical Materialism*. New Delhi: Cambridge University Press.

## लेखक परिचय

लामो समयसम्म *मूल्यांकन* र *नवयुवा*को प्रकाशन-सम्पादनमा सक्रिय **राजेन्द्र महर्जन** *मधेश अध्ययन* र *रूपान्तरण: समाज अध्ययन* जर्नलका सम्पादक हुन् । तीन दशकदेखि स्तम्भ लेखन गर्दैआएका महर्जन हाल *कान्तिपुर*मा स्तम्भ लेख्छन् । वैकल्पिक इतिहासको अध्ययन-लेखनमा रुचि राख्ने महर्जनको लेखन र सम्पादनमा तीन दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन् । महर्जनको नयाँ पुस्तक *मनको पुनर्संरचना* प्रकाशोन्मुख छ । इमेल: samalram@gmail.com

## परिशिष्ट १
## जनवर्गीय संगठनहरू र पार्टी
## – पुष्पलाल

*२७ सेप्टेम्बर देखि २ अक्टोबर १९५१ सम्म कलकत्तामा आयोजित नेकपाको प्रथम ऐतिहासिक सम्मेलनमा पुष्पलालद्वारा प्रस्तुत तथा पारित भएको "जातीय आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी" विषयक राजनीतिक प्रतिवेदनको एक अंश :*

हाम्रो पार्टीको जनवर्गीय संगठनहरूप्रति कस्तो नीति हुन्छ, सो म यहाँ लम्बा चौडा किसिमले दिन्नँ । किनभने अब तपाईंहरूद्वारा चुनिने केन्द्रीय कमिटीले हरेक जन र वर्गीय संगठनहरूमा केन्द्रीय प्रयाक्सन खडा गरी विस्तृत नीति निकाल्ने छ । म यहाँ केवल छोटकरीमा केही हरफ कोर्न चाहन्छु ।

जन र वर्गीय संगठनका काम गर्ने कुनै हाम्रा कामरेडहरूले पार्टी र ती जनवर्गीय संगठनको बीचमा फरक छुट्‌याउन नसकी जनवर्गीय संगठनको मञ्चलाई पनि पार्टीकै मञ्च बराबर बनाई दिन्छन् । उनीहरू चाहन्छन् कि जन वर्गीय संगठनमा काम गर्ने प्रत्येक व्यक्तिले हाम्रा पार्टीलाई समर्थन गरून् । यसो हेर्दा यसमा कामरेडहरूले गरेको काम पार्टीको फाइदाको जस्तो छ, तर वास्तवमा पार्टीलाई मुट्ठीभर मानिसहरूको जन संगठन बनाएर फाइदा छैन । चाहे हाम्रो पार्टीको पक्षमा वा विपक्षमा होस्, यदि कुनै किसानको निम्ति, कुनै विद्यार्थीको निम्ति सुचारु रूपले काम गर्न चाहन्छ भने हामीले आफ्नो सिद्धान्तको झगडा छोडी अवश्य नै उसँग मिली काम गर्नुपर्दछ ।

फेरि अर्कोतिर जन र वर्गीय संगठनमा हामीहरूले पार्टीको नाम बिलकुलै लिनुहुँदैन भन्ने विचारले काम भएको पनि छ । यसले पनि पार्टीलाई जनताबाट बिलकुल अलग राख्तछ । कति ठाउँमा यस्तो छ कि हामीहरू जनतासँग काम गर्दछौँ, तर कम्युनिष्टहरू उनीहरूको निम्ति काम गर्दैछन् भन्ने थाहा पाउँदैनन् । हामीले जनतालाई देखाउनुपर्दछ, केवल कम्युनिष्टहरू नै जनतासँग बसी जनताको निम्ति काम गर्दछन् ।

यो अवश्य सत्य हो कि आज हामीहरूले जन र वर्गीय संगठनहरूमा प्रमुख भूमिका खेलिरहेका छौँ । यति कारणले कुनै कुनै कामरेडहरू जन र वर्गीय संगठनको विशाल रूप र क्षेत्रलाई बिर्सी आफ्नो पार्टीको पेवा सम्झन्छन् । हामीले यस्तो नीति लिनुहुँदैन ।

कहीँ कहीँ जनसंगठनहरूको अफिस बन्दको बन्दै राखी पार्टी अफिसबाट नै काम चलाउँदै छन् । यो पार्टीको निम्ति बिलकुल घातक नीति हो ।

हाम्रा संगठनहरूमा काम गर्ने कामरेडहरू अगिसरी गरी आफू आफू मात्र दौडधूप गर्दछन् । जन र वर्गीय संगठनहरूको सदस्यताको सूची पनि धेरै देखाउँछन् । तर सयौँ हजारौँ

सदस्य भएका संगठनहरूबाट पनि काम गर्न एउटा पनि मानिस पाउँदैनन् । यसको मुख्य कारण जन र वर्गीय संगठनका कार्यकारिणी र आम सदस्य समान गर्नु हो । विराटनगरका वीर मजदूरहरू प्रत्येक पल्ट हाम्रो झण्डाको नेतृत्वमा संघर्ष गर्दछन् तर त्यहाँ पार्टीका त के, अखिल नेपाल ट्रेड युनियन काँग्रेस (ANTUC) को आफिसम्म खोलिएको छैन ।

जन र वर्गीय संगठनका शाखाहरू देशको कुनाकुनामा खोल्दैछन् । तर तिनीहरूको अखिल नेपाल कान्फरेन्स हुन सकेको छैन । हाम्रो पार्टीले हालको परिस्थितिमा जतिसक्दो उति चाँडो जन र वर्गीय संगठनहरूको अखिल नेपाल कान्फरेन्स गराउनमा जोर दिनुपर्दछ ।

*स्रोत : केसी २०५६ : २१०–२११ ।*